# आर्थिक वर्ष २०७६/७७ को
# मन्त्रालयगत वार्षिक प्रगति विवरण

प्रदेश सरकार

प्रदेश नं ५

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, नेपाल

२०७७

# प्राक्कथन

सरकारले गरेका काम कारवाहीहरु जस्ताको त्यस्तै जनसमक्ष पुऱ्याउनु जननिर्वाचित सरकारको एक प्रमुख कर्तव्य हो भने सुशासन एवं पारदर्शिताको एक आधारस्तम्भ पनि हो। त्यसमा पनि जनताको नासो बजेट तथा आर्थिक कारोवारमा सरकार थप संवेदनशील हुनु जरुरी छ। यसै विषयलाई प्रदेश नं. ५ को प्रमुख कानून प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ मा सो विषयलाई संहिताबद्ध गरिएको छ। उक्त ऐनको दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्ध वार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको मितिले दुई महिनाभित्र राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण र प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएको कार्यक्रम कार्यान्वयनको अवस्था साथै अन्य आवश्यक विवरणहरु समेत समावेश गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था समेत रहेको सन्दर्भमा प्रस्तुत प्रतिवेदन तयार भएको छ।

प्रदेश सरकारले आ.व.०७६।७७ मा विनियोजन भएको रु ३६ अर्ब ४१ करोड ६८ लाखमध्ये चालुतर्फ ६०.५४ प्रतिशत, पुँजीगततर्फ ७९.२९ प्रतिशत गरी जम्मा ७०.१० प्रतिशत खर्च भएको देखिन्छ। पुँजीगत खर्चमा प्रदेश नं ५ सबै प्रदेशभन्दा अगाडि र समग्र खर्चमा दोश्रो स्थानमा रहेको छ। कोभिड १९ को विश्वव्यापी महामारी र सो को नियन्त्रणका लागि चैत्र ११ गते देखि भएको बन्दाबन्दीको अवस्थामा समेत यस प्रकारको बजेट खर्च र कार्यक्रम कार्यान्वयन गरी अन्य प्रदेशको तुलनामा यस प्रदेशलाई सबैभन्दा अगाडि उभ्याउने विषय निःसन्देह सन्तोषको विषय हो।

प्रतिवेदन तयार गर्ने कार्यमा नेतृत्व गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री बाबुराम अधिकारी र यस कार्यमा संलग्न मन्त्रालयका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु साथै बजेट तथा कार्यक्रम कार्यान्वयनमा जुट्ने प्रदेश सरकारका सबै निकायका कर्मचारी र १०९ वटै स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारी समेत धन्यवादका पात्र हुनुहुन्छ।

प्रस्तुत प्रतिवेदन सम्बन्धित सबैका लागि उपयोगी हुने विश्वास लिएको छु।

**धन्यवाद।**

**भाद्र, २०७७**

**शंकर पोखरेल**

**मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री**

# दुई शब्द

सार्वजनिक स्रोतबाट सम्पादन भएका कार्यको आम सरोकारवालासमक्ष  सार्वजनिकीकरण गर्नु सार्वजनिक निकायको कर्तव्य हो भने यसको सूचना पाउनु आम नागरिकको अधिकार हो।यसबाट सार्वजनिक निकायमा कामप्रतिको उत्तरदायित्व र स्रोत साधन प्रतिको पारदर्शिता कायम भई सुशासन कायम गर्न सहयोग पुर्याउँछ।आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश नं ५ को प्रदेश सरकारको बजेट तथा कार्यक्रमको मूल्यांकन गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र प्रगति प्रतिवेदन तयार गरी सार्वजनिकीकरण गर्ने व्यवस्था प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ रहेको छ।सोही व्यवस्थाबमोजिम यस मन्त्रालयले आ व २०७६।७७ को यस प्रदेश सरकारको बजेट तथा कार्यक्रमको प्रगतिको विवरण समावेश गरी प्रतिवेदन तयार गरेको छ।

यसप्रदेशको अर्थतन्त्रको आकार ५ खर्व ३४ अर्व ११ करोड रहेको छ जुन नेपालको कुल गार्हस्थ उत्पादनको १४.२ प्रतिशत हुन आउँछ। यस प्रदेशको कुल गार्हस्थ उत्पादन वृद्धिदर गत आर्थिक वर्षको तुलनामा घटेको छ जुन आधारभूत मूल्यमा २% रहेको छ।आ व २०७५।७६ मा आर्थिक वृद्धि दर ६.८ प्रतिशत रहेको थियो। यस प्रदेशमा विकासका सम्भावनाहरु प्रशस्तै भए तापनि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण विकासका गतिविधि रोकिन गई यस आ व मा लक्ष्य अनुसारको प्रगति हुन नसकेको अवस्था छ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण तेस्रो चौमासिक अवधिमा विकास निर्माणको काम ठप्प प्रायः हुन गई आ व २०७६।७७ मा लक्ष्य अनुसारको आर्थिक वृद्धि हुन नसकी २ प्रतिशतमात्र रहेको अवस्था छ। तथापि यस प्रदेशको चालुतर्फ ६०.५४ प्रतिशत, पुँजीगततर्फ ७९.२९ प्रतिशत गरी जम्मा ७०.१० प्रतिशत खर्च भएको देखिन्छ जुन पुँजीगत खर्चमा यो प्रदेश सबै प्रदेशभन्दा बढी र समग्र खर्चमा दोश्रो स्थानमा रहेको छ।गत आ व को उक्त अवधिको खर्चको तुलनामा यस आ व मा चालुतर्फ ७.८९ प्रतिशत पूँजीगत तर्फ १७.२८  प्रतिशत र कुल १२.६० प्रतिशत बढी रहेको छ।

प्रस्तुत प्रतिवेदनमा आ व २०७६।७७ को प्रदेश सरकारको नीति तथा कार्यक्रम, विनियोजित बजेट, आयको स्रोत र खर्चको अवस्थालाई समावेश गरिएको छ। साथै यस प्रदेश अन्तर्गतको मन्त्रालय तथा निकायहरुमा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायसमेत समावेश गरिएको छ।

नेपालमा संघीय शासन व्यवस्थाअन्तर्गत प्रदेश तह स्थापनापश्चात् १ आंशिक र ३ वटा पूर्ण गरी ४ वटा बजेट कार्यान्वयन भएका छन्।यस अवधिमा विकासका गतिविधि संचालनमा कानुनी तथा सांगठनिक अवस्था एवम् जनशक्ति व्यवस्थापनमा सुधार हुँदै गएको अवस्था छ यसबाट आगामी दिनमा बजेट कार्यान्वयनले थप गति लिने अपेक्षा गर्न सकिन्छ।

प्रस्तुत प्रगति प्रतिवेदनमा प्रदेश नं ५ सरकारका नीति तथा कार्यक्रम र सोको प्रगति विवरणलाई समावेश गरी तयार गरेकाले यसबाट प्रदेश सरकारका काम कारवाहीमा सरोकार राख्ने सबैलाई उपयोगी हुने अपेक्षा गरेको छु। प्रतिवेदन तयार गर्न आवश्यक पर्ने विवरण उपलब्ध गराउनु हुने सबै मन्त्रालय/ निकाय तथा विवरण संकलन गरी प्रतिवेदन तयार गर्ने मन्त्रालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**मिति २०७७।०५।३१**

**बाबुराम अधिकारी**
**सचिव**

# कार्यकारी सारांश

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा वमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको आर्थिक वर्ष २०७६।७७ को यस प्रदेशको बजेट तथा कार्यक्रमको प्रगतिको सारांशगत विवरण यस प्रकार रहेको छः

## १. बजेट र खर्चसँग सम्बन्धित विवरण

- आर्थिक वर्ष २०७६/७७ को लागि प्रदेश सरकारको कुल बजेट रू. ३६ अर्ब ४१ करोड ६८ लाखमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रू.६१ लाख ९१ हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ३६ अर्ब ४१ करोड ६ लाख ९ हजार रहेको थियो।
- विनियोजित रकममध्ये असार मसान्तसम्म चालुतर्फ रू. १० अर्ब ८० करोड ३ लाख ७२ हजार र पुँजीगततर्फ रू. १४ अर्ब ७२ करोड ८८ लाख ५७ हजार गरी जम्मा रू. २५ अर्ब ५२ करोड ९२ लाख २९ हजार खर्च भएको छ। उक्त रकम विनियोजित बजेटको चालुतर्फ ६०.५४ प्रतिशत, पुँजीगततर्फ ७९.२९ प्रतिशत गरी जम्मा ७०.१० प्रतिशत हुन आउँछ। पुँजीगत खर्चमा प्रदेश नं ५ सबै प्रदेशभन्दा अगाडि र समग्र खर्चमा दोश्रो स्थानमा रहेको छ।
- आर्थिक वर्ष २०७५।७६ को चालुतर्फ रू. ६ अर्ब ८७ करोड ७१ लाख २ हजार र पुँजीगततर्फ रू १० अर्ब २७ करोड १३ लाख गरी जम्मा रू १७ अर्ब १४ करोड ८४ लाख २ हजार खर्च भएको थियो। जुन उक्त आ.व. को कुल बजेटको चालुतर्फ ५७.९९ प्रतिशत, पुँजीगततर्फ ६१.७८ प्रतिशत गरी जम्मा ६०.२० प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०७६।७७ को असार मसान्तसम्ममा मन्त्रालयगत विनियोजित बजेटमा सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयको रुपमा भौतिक पूर्वाधार विकास मन्त्रालय रहेको छ जसले ८३.१८ प्रतिशत खर्च गरेको छ भने सबै भन्दा कम खर्च गर्ने मन्त्रालयको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालय रहेको छ जसको खर्च विनियोजित बजेटको ३२.९६ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०७५।७६ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान र समपुरक अनुदानमध्ये खर्च नभई बाँकी रकम रु ३ अर्ब ७१ करोड ८५लाख आर्थिक वर्ष २०७६।७७ मा संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ।
- प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम र स्वीकृत बजेट कार्यान्वयन गर्न सो अवधिमा विभिन्न २०० भन्दा बढी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

## २. स्रोत परिचालन

- आर्थिक वर्ष २०७६/७७ को असार मसान्तसम्ममा नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँड वापत रू.९ अर्ब ९१ करोड २३ लाख, वित्तीय समानीकरण अनुदानवापत रू. ७ अर्ब ५४ करोड १ लाख,सशर्त अनुदानवापत रू. ८ अर्ब २६ करोड ५८ लाख १८ हजार, विशेष अनुदानवापत रू. ५७ करोड ५२ लाख ६० हजार र समपुरक अनुदानवापत रू. ६९ करोड ७७ लाख, स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँडबाट (घर जग्गा रजिष्ट्रेशन शुल्क समेत) रू.९८ करोड ६९ लाख ६९ हजार गरी जम्मा रकम रु. ३४ अर्ब २ करोड २८ लाख ५८ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

- आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट राजस्व बाँडफाँडवापत रू.६ अर्ब ५७ करोड ८४ लाख, वित्तीय समानीकरण अनुदानवापत रू. ६ अर्ब ८६ करोड ९७ लाख,सशर्त अनुदान वापत रू. ९ अर्ब ६९ करोड ३५ लाख,स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँड वापत(घर जग्गा रजिष्ट्रेशन शुल्कसमेत) रू.९८ करोड २६लाख ६३हजार गरी जम्मा रकम रु.२७ अर्ब ४६ करोड ४२ लाख १ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको थियो।
- नेपाल सरकारबाट समपुरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानवापत प्राप्त रकममध्ये खर्च हुन नसकी बाँकी रहेको रकम करिब रु ९४ करोड फिर्ता गर्नुपर्ने देखिन्छ।
- कुल बजेटबाट खर्च र फिर्ता गर्नुपर्ने रकम घटाई बाँकी रहने रकम रु. ७ अर्ब ८८ करोड ४७ लाख ९२ हजार चालु आ.व.२०७७/७८ मा अल्या गरिएको छ।
- नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले कृषि आयमा लाग्ने कर प्रदेश सरकारको एकल अधिकारको सूचीमा समावेश गरेको र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रको रुपमा उल्लेख गरेको छ।
- प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहेको विज्ञापन कर र मनोरञ्जन कर संकलनलाई व्यवस्थित गर्न क्रमश विज्ञापन कर नियमावली, २०७६ र मनोरञ्जन कर नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

## ३. वित्तीय संघीयता कार्यान्वयन

- आर्थिक वर्ष २०७५/७६ मा वित्तीय समानीकरण अनुदानवापत रू. ५० करोड सशर्त अनुदानवापत रू. १ अर्ब र समपुरक अनुदानमा रु ५० करोड गरी जम्मा २ अर्ब विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको सबै रकम तथा समपूरक अनुदान अन्तर्गत ८६ वटा स्थानीय तहका १४२ वटा आयोजना छनोट गरी रू.३८ करोड ५२ लाख १४ हजार १ सय ५० बजेट खर्चको आधारमा वित्त हस्तान्तरण गरिएको थियो।
- समानीकरण अनुदान प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु नपर्ने र अन्य अनुदानमा सोही आ व मा हस्तान्तरित रकममध्ये स्थानीय तहहरुमा खर्च हुन नसकी रु ३० करोड ८८ लाख ६८ हजार आ.व. २०७६/७७ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा वित्तीय समानीकरण अनुदानवापत रू. ५० करोड, सशर्त अनुदान वापत रू. १ अर्ब ३८ करोड ९६ लाख समपुरक अनुदानवापत रु १ अर्ब ५० करोड र विशेष अनुदानवापत १ अर्ब गरी जम्मा ४ अर्ब ३८ करोड ९६ लाख विनियोजन गरिएकोमा ४ अर्ब ३२ करोड १४ लाख ९७ हजार निकासा गरिएको थियो जुन प्रदेशको कुल बजेटको १२.०५ प्रतिशत हुन आउँछ।
- आ.व. २०७६/७७ मा विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपूरक अनुदानतर्फ १०० वटा स्थानीय तहका ३६२ वटा आयोजना, विशेष अनुदान तर्फ ९९ वटा स्थानीय तहका १५१ वटा आयोजना स्वीकृत गरिएको थियो भने सशर्त अनुदानका १०९ स्थानीय तहमा ५१९ वटा आयोजना छनोट भएका थिए।
- आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानवापत रु. ५० करोड, सशर्त अनुदानवापत रु. १ अर्ब ३८ करोड ८५ लाख ७१ हजार,

समपूरक अनुदान वापत रु. १अर्व ४५ करोड ६ लाख ४२ हजार, विशेष अनुदान वापत रु. ९८ करोड २२ लाख ८४ हजार गरी जम्मा रु. ४ अर्व ३२ करोड १४ लाख ९७ हजार वित्त हस्तान्तरण गरिएको थियो।

- असार मसान्तसम्म स्थानीय तह वित्त हस्तान्तरण अन्तर्गत समपुरक अनुदानतर्फ रु.१ अर्ब ४५ करोड ६ लाख ४२ हजार, समानीकरण अनुदानतर्फ रु. ५० करोड, विशेष अनुदानतर्फ रु. ९८ करोड २२ लाख १४ हजार र सशर्त अनुदानतर्फ रु. १ अर्ब गरी जम्मा रु ४ अर्ब ३२ करोड १४ लाख ९७ हजार हस्तान्तरण गरिएको छ।
- स्थानीय तहमा यसरी हस्तान्तरण भएको रकम कुल विनियोजित रकम रु ४ अर्ब ३८ करोड ९८ लाख को ९८.४४ प्रतिशत र वित्तीय हस्तान्तरणका लागि विनियोजित बजेट रु ३६ अर्ब ४१ करोड ६८ लाख को ११.८७ प्रतिशत हुन आउँछ।

## ४. अन्य नीतिगत / कार्यक्रमगत प्रगतिको विवरण

- विशेष अनुदान सम्बन्धी व्यवस्थालाई कानूनसम्मत बनाई कार्यान्वयनमा सहजता ल्याउन विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ भने समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा थप सरलीकृत गरी प्रथम संशोधन गरिएको छ।
- प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न ६१ वटा विधेयकहरु प्रदेश सभामा पेश गर्न स्वीकृति दिनुका साथै १९वटा नियमावलीहरु, एउटा निर्देशिका र चारवटा मापदण्ड स्वीकृत भएका छन्। स्थानीय तह सम्बन्धी ३ वटा कानूनहरु निर्माण भएका छन्।
- कोभिड-१९को महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश सरकारले कोभिड-१९ नियन्त्रण तथा उपचार कोष स्थापना गरेको छ। कोरोना रोकथाम तथा नियन्त्रण कोषमा प्रदेश सरकारको सञ्चित कोषबाट ४६ करोड ४२ लाख १५ हजार रकम निकासा भएको छ।
- कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारका लागि बुटवल, भैरहवा, दाङ र नेपालगञ्ज गरी प्रदेश भित्रै चारवटा कोरोना विशेष अस्पताल निर्माण गरी सञ्चालनमा ल्याइएको छ। बुटवल, दाङ र नेपालगञ्जमा कोभिड-१९को परीक्षणका लागि स्वास्थ्य प्रयोगशालाहरु स्थापना गरिएको छ।
- प्रदेश सरकारबाट विगत दुई वर्षमा सम्पादन गरेका मुख्य कार्यहरुको विषयमा आमजनतालाई स्थलगत रुपमा सुसूचित गर्ने उद्देश्यका साथ दाङ जिल्लाको बेलझुण्डीमा प्रदेश एक्स्पो सम्पन्न गरिएको छ।
- प्रदेशभित्रका विकट १४ वटा स्थानीय निकायमा १४ वटा हेलिप्याड निर्माण कार्य सम्पन्न भएको छ।
- प्रदेश मामिला सूचना केन्द्र र जिल्ला सूचना केन्द्रको माध्यमबाट सूचना तथा घटना विवरण संकलन हुने व्यवस्था मिलाइएको छ।
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड,२०७६ प्रदेश लोक सेवा आयोगको आचार संहिता २०७६ निर्माण गरी स्वीकृत भएका छन्। स्वास्थ्य सेवा आठौं तह, इञ्जिनियरिङ सेवा सातौं तह समेतको पाठ्यक्रम निर्माण गर्नुको साथै प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिकाको मस्यौदा तयार भएको छ।

- सेवाप्रवाह र विकास निर्माण कार्यहरु सरल सहज शीघ्र र प्रभावकारी बनाउने उद्देश्यका साथ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना भएको छ।
- स्मार्ट कृषि गाउँ कार्यक्रमअन्तर्गत करिब ६००० घरधुरी समेटी ७५वटा गाउँहरुमा एकीकृत मोडलसहितको कार्यक्रम शुरु गरिएको छ।
- कृषकहरुको दूध तथा तरकारी उपजहरुलाई बजार पहुँचका लागि सहजीकरण गर्न जम्मा ३४ वटा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरी करिब २९ करोड बराबरको कृषिजन्य वस्तुको कारोवार भएको छ।
- स्थानीय तहको आवधिक योजना निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले आवधिक योजना निर्माण सम्बन्धी ६८ वटा स्थानीय तहलाई तालिम प्रदान गरिएको छ।
- सडक तथा पुल निर्माणतर्फ नयाँ ट्र्याक निर्माण ९९.१ कि.मी. ,सडक विस्तार (थप चौडा गर्ने काम)२९९ कि.मी., सडक ग्राभल गर्ने काम २०५ कि.मी., कालोपत्रे सम्पन्न सडक १५४ कि.मी., ह्युम पाईप कल्भर्ट निर्माण ८०३ वटा, स्ल्याब कल्भर्ट कजवे तथा बक्स कल्भर्ट निर्माण९४ वटा, पक्की नाली निर्माण ८८.०८ कि.मी., ढलान गरी पक्की सडक निर्माण१.९ कि.मी., ग्याबियन टेबल पर्खाल निर्माण १०६१०५ घ.मी., स्टोन मेशनरी टेवा पर्खाल निर्माण ६६८५८ घ.मी., सम्पन्न सडक पुल ७ वटा, सम्पन्न झोलुङ्गे पुल ५ वटा बनाइएको छ।
- बस्ती विकास कार्यक्रमतर्फ ढल निर्माण १२ कि.मी., ग्रावेल सडक निर्माण ६ कि.मी., पिच सडक निर्माण ३ कि.मी., पि.सि.सि. सडक निर्माण ९४६ मी., फूटपाथ १३०० मी., रिटेनिङ वाल निर्माण ४५८ मी., पार्क१३वटा, प्रदेश प्रवेश गेट(बर्दिया) १ वटा, सरकारी कार्यालय/भवन मर्मत १७२ वटा, अध्ययन ७ वटा रहेको छ।
- जनता आवास कार्यक्रमअन्तर्गत प्लिन्थ लेभलसम्म सम्पन्न ६६५ वटा, वालसम्म सम्पन्न ४३६ वटा, छाना सम्म सम्पन्न ५८१ वटा, शौचालयसहित कार्य सम्पन्न १२८४ वटा निर्माण कार्यहरु भएका छन्।
- वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनबाट ९,७९,७१९.०९ घन फिट, अन्य कार्ययोजना कार्यान्वयनबाट १,५३,५२७.०३ घन फिट र निजी वनबाट ६,५३,५३३ घन फिट गरी कुल १७,८६,७७९.१२ घन फिट काठ उत्पादन भएको छ।
- वन क्षेत्रबाट २६१२.९३ चट्टा र निजी वनबाट ११५८.४२ चट्टा दाउरा उत्पादन भएको छ। सरकारद्वारा व्यवस्थित वनबाट ६०,६७०.८२ घन फिट, साझेदारी वनबाट १,२५,१०८.७ घन फिट, सामुदायिक वनबाट ५,५४,७२१ घन फिट तथा निजी वनबाट ५,४९,८६५ घन फिट काठ विक्री वितरण भएको छ।

# विषय सूची

**कार्यकारी सारांश**

बजेट र खर्चसँग सम्बन्धित विवरण i

स्रोत परिचालन i

वित्तीय संघीयता कार्यान्वयन ii

अन्य नीतिगत कार्यक्रमगत प्रगतिको विवरण iii

**परिच्छेद-१** १

**परिचय** १

१.१ पृष्ठभूमि १

**परिच्छेद-२** २

**प्रदेश सभा सचिवालय** २

२.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति २

२.२ आर्थिक वर्ष २०७६/७७ मा श्रोतगत आय र व्ययको विवरण २

२.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण २

२.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ३

२.५ आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ३

२.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण ५

२.७ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ५

२.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ६

२.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम ६

**परिच्छेद-३** ७

**प्रदेश लोक सेवा आयोग** ७

३.१ आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ७

३.२ आर्थिक वर्ष २०७६/०७७ मा श्रोतगत आय र व्ययको विवरण ७

३.३ आर्थिक वर्ष २०७६/०७७ स्वीकृत कार्यक्रमको प्रगति विवरण ७

३.४ आर्थिक वर्ष २०७६/०७७ मा राजस्व संकलनको विवरण ८

३.५ आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ८

**परिच्छेद-४** १०

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** १०

४.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति १०

४.२ आर्थिक वर्ष २०७६/७७ मा कार्यालयको श्रोतगत आय र व्ययको विवरण १०

४.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण १०

४.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण १२

४.५ आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण १४

४.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण १६

| | | |
|---|---|---|
| ४.७ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १६ |
| ४.८ | कार्यक्रम/आयोजना सञ्चालन सम्बन्धी प्रमुख समस्याहरु | १७ |
| ४.९ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | १७ |
| **परिच्छेद-५** | | **१८** |
| **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | | **१८** |
| ५.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | १८ |
| ५.२ | आर्थिक वर्ष २०७६ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण | १८ |
| ५.३ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | १८ |
| ५.४ | बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | १९ |
| ५.५ | आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | २० |
| ५.६ | आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण | २२ |
| ५.७ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २२ |
| ५.८ | नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाईहरु | २२ |
| ५.९ | समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु | २३ |
| **परिच्छेद-६** | | **२४** |
| **आर्थिक मामिला तथा योजना मन्त्रालय** | | **२४** |
| ६.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति (मन्त्रालय) | २४ |
| ६.२ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा आषाढ मसान्तसम्मको वित्तीय प्रगति (प्रदेशको एकीकृत) | २४ |
| ६.३ | आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको श्रोतगत आय र व्ययको विवरण | २४ |
| ६.४ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | २५ |
| ६.५ | बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | २५ |
| ६.६ | आर्थिक वर्ष २०७६/७७ मा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | २७ |
| ६.७ | आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको राजस्व संकलनको विवरण | २८ |
| ६.८ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २८ |
| ६.९ | उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुर्याएको योगदान | ३१ |
| ६.१० | नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई | ३१ |
| ६.११ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | ३२ |
| ६.१२ | वित्तीय हस्तान्तरण | ३२ |
| ६.१२.१ | संघीय सरकारबाट प्राप्त भएको राजश्व | ३२ |
| ६.१२.२ | स्थानीय तहबाट प्राप्त भएको राजश्व | ३३ |
| ६.१२.३ | रोयल्टीबाट प्राप्त भएको राजश्व | ३३ |
| ६.१२.४ | प्रदेश सरकारको आन्तरिक आयबाट प्राप्त भएको राजश्व | ३३ |
| ६.१२.५ | संघीय सरकारबाट प्राप्त भएको अनुदान | ३३ |
| ६.१२.६ | प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको अनुदान | ३४ |

| | | |
|---|---|---|
| ६.१२.७ | प्रदेश सञ्चित कोषमा प्राप्त रकमको विवरण | ३४ |
| **परिच्छेद-७** | | **३५** |
| **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | **३५** |
| ७.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | ३५ |
| ७.२ | आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण | ३५ |
| ७.३ | नीति तथा कार्यक्रम र बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | ३५ |
| ७.४ | आर्थिक वर्ष २०७६/७७ मा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | ४२ |
| ७.५ | आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण | ४४ |
| ७.६ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ४५ |
| ७.७ | उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान | ४७ |
| ७.८ | नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई | ४८ |
| ७.९ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | ४८ |
| ७.१० | अन्य/विविध | ४९ |
| **परिच्छेद-८** | | **५०** |
| **सामाजिक विकास मन्त्रालय** | | **५०** |
| ८.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | ५० |
| ८.३ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | ५० |
| ८.४ | बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | ५४ |
| ८.५ | आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | ५७ |
| ८.६ | आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण | ५८ |
| ८.७ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ५८ |
| ८.८ | उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान | ६० |
| ८.९ | नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई | ६१ |
| ८.१० | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | ६१ |
| **परिच्छेद-९** | | **६२** |
| **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | | **६२** |
| ९.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | ६२ |
| ९.२ | आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण | ६२ |
| ९.३ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | ६२ |
| ९.४ | बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | ६६ |
| ९.५ | आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | ७३ |
| ९.६ | आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण | ८१ |
| ९.७ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ८१ |
| ९.८ | उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान | ८३ |
| ९.९ | नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई | ८४ |
| ९.१० | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | ८४ |

**परिच्छेद-१०** ८५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** ८५

१०.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ८५

१०.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको स्रोतगत आय र व्ययको विवरण ८५

१०.३ वार्षिक नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यको प्रगति विवरण ८५

१०.४ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (कार्यक्रम बजेटमात्र समावेश) ९२

१०.५ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलनको विवरण ९२

१०.६ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ९३

१०.७ उल्लेखित कार्यक्रमहरुले अर्थतन्त्रमा पुऱ्याएको योगदान ९३

१०.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ९४

१०.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः ९५

१०.१० मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु ९५

**परिच्छेद-११** ९६

**मुख्य न्यायाधिवक्ताको कार्यालय** ९६

११.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ९६

११.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ९६

११.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण ९६

११.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ९६

११.५ आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ९७

११.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण ९७

११.७ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ९७

११.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई ९८

**परिच्छेद-१२** ९९

**प्रदेश योजना आयोग** ९९

१२.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति ९९

१२.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण ९९

१२.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण ९९

१२.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ९९

१२.५ आ.व.२०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण १००

१२.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण १००

१२.७ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु १००

१२.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई १०१

१२.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम १०१

**परिच्छेद-१३** १०२

**प्रदेश पुर्वाधार विकास प्राधिकरण** १०२

| | | |
|---|---|---|
| १३.१ | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | १०२ |
| १३.२ | आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण | १०२ |
| १३.३ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | १०२ |
| १३.४ | बजेट वक्तव्यको वार्षिक प्रगति विवरण | १०२ |
| १३.५ | आर्थिक वर्ष २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | १०३ |
| १३.६ | आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण | १०३ |
| १३.७ | आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १०३ |
| **परिच्छेद-१४** | | **१०४** |
| **सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान** | | **१०४** |
| ४.१ | आर्थिक वर्ष २०७६।०७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति | १०४ |
| १४.२ | आर्थिक वर्ष २०७६।०७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण | १०४ |
| १४.३ | नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | १०४ |
| १४.४ | बजेट तथा कार्यक्रमको वार्षिक प्रगति विवरण | १०५ |
| १४.५ | आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण | १०५ |
| १४.६ | आर्थिक वर्ष २०७६।०७७ मा राजश्व संकलनको विवरण | १०८ |
| १४.७ | आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरू | १०८ |
| **परिच्छेद-१५** | | **१०९** |
| **निष्कर्ष एवम् सुझावहरुः** | | **१०९** |

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तथा कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त ऐनमा यस मन्त्रालयले राजस्व, खर्च, कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको अनुदान रकम, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था लगायतका विषयमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था भएअनुरुप आ. व. २०७६।७७ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालय/सचिवालयको लागि आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको खर्च र उपलब्धीहरुको विवरण र प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँड रकमका साथै प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम एवम् स्थानीय तहबाट प्रदेश सरकारलाई प्राप्त राजस्व बाँडफाँटको रकमसमेत समावेश गरिएको छ। आर्थिक वर्ष २०७६/७७को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले निर्धारित गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई निकायगत रुपमा छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुका साथै यस प्रदेशअन्तर्गतका मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद-२

## प्रदेश सभा सचिवालय

### २.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित जेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २८५६८५ | १८६८६१.२० | ६५.४१% |
| पुँजीगत | ४६०८९ | २५२६२.७३ | ५४.८२% |
| **जम्मा** | **३३१७७४** | **२१२१२३.९३** | **६३.९४%** |

(स्रोतः प्रदेश सभा सचिवालय, बुटवल)

### २.२ आर्थिक वर्ष २०७६/७७ मा श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ० | ० |
| २ | नेपाल सरकार सशर्त अनुदान | ० | ० |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ० | ० |
| ४ | नेपाल सरकार विशेष अनुदान | ० | ० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | **३३१७७४** | **२१२१२३.९३** |

(स्रोतः प्रदेश सभा सचिवालय, बुटवल)

### २.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४७ | प्रदेश सभा भवनको विस्तृत आयोजना प्रतिवेदन(डिपिआर) | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न बजेट समर्पण |
| १४७ | प्रदेश सभा, प्रदेश सभा सचिवालय, विषयगत समितिका सचिवालय र संसदीय दलका सचिवालय परिसरलाई विद्युतीय निगरानी प्रणाली जडान | आंशिक बजेटको कार्य सम्पन्न र बाँकी बजेट कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण |
| १४७ | प्रदेश सभालाई सूचना प्रविधि मैत्री बनाउने कार्य | सम्पन्न |
| १४७ | सञ्चार माध्यमसँगको सहकार्यमा प्रदेश सभा बैठकको प्रत्यक्ष प्रसारणको प्रारम्भ | सम्पन्न |
| १४७ | प्रदेश सभा सचिवालयमा स्थापित संवाद केन्द्र र पुस्तकालयलाई स्तरोन्नति गर्दै इ-लाइब्रेरीको रुपमा विकास गरिने कार्य | बजेट नभएको |

(स्रोतः प्रदेश सभा सचिवालय, बुटवल)

## २.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७५ | प्रदेश सभा भवनको विस्तृत आयोजना प्रतिवेदन(डिपिआर) | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण |
| १७६ | प्रदेश सभा सचिवालय परिसरमा विद्युतीय निगरानी व्यवस्था गरिने | आंशिक बजेटको कार्य सम्पन्न र बाँकी बजेट कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण |
| १७६ | संवाद केन्द्र एवम् पुस्तकालयको स्तरोन्नति | आंशिक बजेटको कार्य सम्पन्न र बाँकी बजेट कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण |
| १७६ | सञ्चार माध्यमसँगको सहकार्यमा बैठकको प्रत्यक्ष प्रसारण एवम् सूचना प्रविधिमैत्री सञ्चालन प्रक्रियाको स्थापना गरिने | सम्पन्न |
| १७६ | सूचना प्रविधिमैत्री सञ्चालन प्रक्रियाको स्थापना (ई-लेजिस्लेसन) | सम्पन्न |
| १७७ | प्रदेश सभाका माननीय सदस्यहरु बिरामी पर्दा उपचारमा सहजता हुनेगरी उपचार कोषको व्यवस्था गरिने | सम्पन्न |
| १७८ | प्रदेश सभा तथा प्रदेश सभा अन्तर्गतका समितिहरुको भूमिकामा वृद्धि गरिने | सम्पन्न |

(स्रोतः प्रदेश सभा सचिवालय, बुटवल)

## २.५ आ.व. २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि (अडियो सिष्टम, एचडी स्टूडियो, कम्प्युटर नेटवर्किङ, भर्वेटिम सिष्टम आदि) सम्बन्धी न्यु भर्सन रिफ्रेसिङ तालिम | ३ | ९०० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| २ | शुभकामना आदान प्रदान कार्यक्रम (तीज प्रदेश एक्स्पो र होली) | ३ | ८२५ | २ | ६६.६६ | ७५० | ९०.९ |
| ३ | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | १ | १०० | ७८० | ७८ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ४ | प्रदेश सभा विशेष समितिका सभापति र सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ६ | ३००० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| ५ | विषयगत समितिहरुको अन्तर प्रदेश अध्ययन भ्रमण | ६ | ३००० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| ६ | संवाद केन्द्रमा विज्ञहरुसँगको अन्तरक्रिया कार्यक्रम | ६ | १८०० | २ | ३३.३३ | १९७ | १०.९३ |
| ७ | सरोकारवालाहरुसँग प्रदेश सभा र गाउँ नगर सभाका बैठकका कार्यविधि माथिको समीक्षा | ४ | २००० | २ | ५० | ९३३ | ४६.६४ |
| ८ | संसदको प्रोफाईल निर्माण | १ | १५०० | १ | १०० | १४७३.५ | ९८.२४ |
| ९ | सभामुख निवासमा अतिथि कक्ष निर्माण | १ | ४००० | कार्यक्रम संशोधन भई ५ लाखमा शौचालय निर्माण, २ लाखमा सेन्ट्रीपोष्ट निर्माण सम्पन्न, ३ लाख सुरक्षात्मक पुनर्विद्युतीकरणमा रकमान्तर बाँकी ३० लाख कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| १० | प्रदेश सभा भवन, सचिवालय भवन, संसदीय दलका कार्यालयहरु, संसदीय समितिका कार्यालयहरु, पुस्तकालय तथा संवाद केन्द्र, आवास भवनहरु आदिको आर्किटेक्चरल डिजाईनको डि पि आर लाई आवश्यक पर्ने आर्किटेक्चरल नक्साङ्कन र त्रिआयामिक मोडेल (नमुना) सहितको विस्तृत गुरुयोजना | १ | ३००० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| ११ | क्षमता विकास तालिम | २ | १००० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| १२ | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तरक्रिया कार्यक्रम | ४ | २००० | ० | ० | ० | ० |
| १३ | जिल्लाहरुमा प्रदेश सभा सचिवालयले त्रैमासिक कार्य प्रगति विवरण पेश गर्ने कार्यक्रम | ४ | २००० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १४ | संसदीय कार्यप्रकृया र कार्यपद्धतिको अन्तरप्रदेश संघीय / अध्ययन, अनुसन्धान र अवलोकन कार्यक्रम | ७ | ३५०० | रु.६ लाख खर्च भई बाँकी रकम कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |
| १५ | सचिवालय परिसरमा प्रहरी ब्यारेक निर्माण, गाडी पार्किङ सेड निर्माण, मोटरसाईकल पार्किङ सेड निर्माण र जेनेरेटर हाउस निर्माण | १ | ४५०० | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि स्रोत व्यवस्थापन गर्न समर्पण | | | |

## २.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | - | ५६.५० | - |
| २ | १४३१२- प्रशासनिक दण्ड जरिवाना र जफत | - | ३५.०० | - |
| ३ | १५१११- बेरुजु | - | ५.३९ | - |

(स्रोतः प्रदेश सभा सचिवालय, बुटवल)

## २.७ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- सञ्चार माध्यमसँगको सहकार्यमा प्रदेश सभा बैठकको प्रत्यक्ष प्रसारण एवम् सूचना प्रविधिमैत्री सञ्चालन प्रक्रियाको स्थापना गरिएको।
- प्रदेशसभाको व्यवस्थापन कार्यविधिको (Legislation Procedure) प्रक्रियालाई कम्प्युटराइज गर्ने प्रणालीको जडान गरिएको।
- प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम विधेयक संग्रह र प्रदेश सभा दर्पण विमोचन, रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम, खेलकुद कार्यक्रम आदि सञ्चालन गरी सम्पन्न गरिएको।
- सरोकारवालाहरुसँग प्रदेश सभा तथा गाउँ/नगर सभाको बैठकका कार्यविधिमाथि समीक्षा कार्यक्रम कपिलवस्तु र बर्दिया जिल्लामा सम्पन्न गरिएको।
- संवाद केन्द्रमा पदाधिकारी र माननीय सदस्यहरु तथा सरोकारवालाहरुबीच विभिन्न अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- संघीय संसदका मर्यादापालकहरुबाट प्रदेश सभाका मर्यादापालकहरुलाई क्षमता विकास तालिम सम्पन्न गरिएको।
- प्रदेश सभाका माननीय सदस्यहरु बिरामी पर्दा उपचारमा सहजता हुने गरी उपचार कोषको स्थापना गरिएको।
- पुराना भवनहरुमा आवश्यकता अनुसार प्लम्बिङ, वायरिङ, निर्माण, रंगरोगन एवम् मर्मत सम्भार गरिएको
- सचिवालयका भवनहरु एउटै परिसरभित्र नभई बस्तीका विभिन्न गल्लीहरुमा छरिएर रहेको हुँदा सुरक्षा चुनौती समाधान गर्न केन्द्रीय विद्युतीय निगरानी प्रणाली जडान गरिएको।
- मर्यादापालकहरुको निवासको उचित प्रबन्ध मिलाइएको।

## २.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- प्रदेश सभाको परिसर अत्यन्तै साँघुरो भएका कारण बैठक सञ्चालन लगायत अन्य विशेष समारोहमा ट्राफिक व्यवस्थापनमा कठिनाई भएको।
- पुराना भवनहरु रहेका कारण प्लम्बिङ, वायरिङ, निर्माण एवम् मर्मत सम्भार गरीरहनुपर्ने।
- प्रदेश सभा सचिवालयलाई प्रदेश सरकारका तर्फबाट विभिन्न संघ संस्थाहरुसँग सम्झौता गरी भवनहरु उपलब्ध गराइएकोमा ती सम्झौताहरुको अनिश्चितताका कारण वैधानिक मान्यतामा समस्या पैदा भई ती संघ संस्थाहरुको विभिन्न मागहरु पटक पटक आउने गरेको।
- सचिवालयका भवनहरु एउटै भवनमा नभई बस्तीका विभिन्न गल्लीहरुमा छरिएर रहेको कारण सुरक्षा चुनौती विद्यमान रहेको।
- उपयुक्त स्थानको अभावका कारण प्रहरी ब्यारेक व्यवस्थापन गर्न नसकिएको।
- प्रदेश सभामा कर्मचारी बस्ने नचाहने र कार्य वातावरण उचित नहुँदा काममा उत्प्रेरणाको अभाव रहेको।
- प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार कर्मचारीको पर्याप्तता हुन नसकेकाले कार्यालय व्यवस्थापनमा कठिनाई भएको।

## २.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- प्रदेश सभाको लागि कम्पाउण्डिङसहितको भवनहरू भएको खुला ठाँउमा स्थानान्तरण गर्नु पर्ने।
- प्रदेश सभाको लागि उपयुक्त स्थानमा नयाँ भवनको व्यवस्थापन गर्नुपर्ने।
- प्रदेश सभा सचिवालयलाई प्रदेश सरकारका तर्फबाट विभिन्न संघ संस्थाहरुसँग सम्झौता गरी उपलब्ध गराइएका भवनका सम्वन्धमा छलफल गरी स्थायीरूपमा समस्या समाधान गर्नुपर्ने।
- सचिवालयका भवनहरु सुरक्षा व्यवस्थापनको लागि सर्वेलियन प्रणाली जडान गर्नुपर्ने।
- सभा परिसर नजिकै प्रहरी व्यारेक स्थापना गर्न जग्गाको व्यवस्था गरी प्रहरीहरूको लागि वसोबासको व्यवस्थापन गर्नुपर्ने।
- प्रदेश सभामा कर्मचारी बस्ने नचाहने हुँदा उत्प्रेरणाको विशेष व्यवस्था गर्नुपर्ने।
- प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरू प्रदेश सरकारले उपलब्ध गराउनु पर्ने।

# परिच्छेद-३
## प्रदेश लोक सेवा आयोग

### ३.१ आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १५२९० | ११४३० | ७४.७५ |
| पुँजीगत | २१०४५ | २०५२६ | ९७.५३ |
| जम्मा | ३६३३५ | ३१९५७ | ८७.९५ |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

### ३.२ आर्थिक वर्ष २०७६/०७७ मा श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | प्रदेश सरकार | ३६३३५ | ३१९५७ |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

### ३.३ आर्थिक वर्ष २०७६/०७७ स्वीकृत कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | फर्निचर तथा फिक्चर्स | | १८०० | | | १५८१.७८ | ८७.८८ |
| २ | सवारी साधन खरिद (गाडी ३, मोटरसाइकल २ तथा स्कुटी ३) | ८ | १६७४५ | ८ | १०० | १६७२२.७० | ९९.८७ |
| ३ | मेसिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, ए.सी. आदि) | ५६ | २५०० | ५६ | १०० | २२१८.२९ | ८८.७३ |
| ४ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २ | ५०० | २ | १०० | ४१४.६३ | ८२.९३ |
| ५ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ५ | २०० | ५ | १०० | १२५.१९ | ६२.५९ |
| ६ | सेवा र परामर्श खर्च | २ | ११० | २ | १०० | ११० | १०० |
| ७ | सूचना प्रणाली तथा सफ्टवयर निर्माण खर्च | २ | २०० | २ | १०० | १३४.२ | ६७.१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | पाठयक्रम निर्माण सम्बन्धी अन्तरक्रिया गोष्ठी कार्यशाला बैठक | ५० | ६०० | १६ | ३२ | १७२.९९ | २८.८३ |
| ९ | विज्ञहरुको रोष्टर तयारी तथा नियम कार्यविधि मापदण्ड निर्देशिका तर्जुमा | ६ | ६०० | ४ | ६६.६६ | ५१९.६ | ८६.६० |
| १० | बुलेटिन, ब्रोसर तथा पुस्तक प्रकाशन | ४ | ५०० | २ | ५० | ८४.१८१ | १६.८४ |
| ११ | मन्त्रालय तथा मातहतका निकाय तथा स्थानीय निकायसँग अन्तरक्रिया तथा कार्यशाला गोष्ठी | १२ | ९०० | ८ | ६६.६६ | ८०२.४८ | ८९.१७ |
| १२ | पदाधिकारी तथा कर्मचारीको वैदेशिक Exposure भ्रमण सम्बन्धी कार्यक्रम | १ | ५०० | ० | ० | ० | ० |
| कार्यक्रमको जम्मा | | | २५१५५ | | | २२८८६.०७ | |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.४ आर्थिक वर्ष २०७६/०७७ मा राजस्व संकलनको विवरण

**(रु. हजारमा)**

| क्रसं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | अन्य प्रशासनिक सेवा शुल्क | २३ | २३ | १०० |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.५ आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

मिति २०७६/०४/२८ गते स्थापना भएको प्रदेश लोक सेवा आयोग स्थापनाको एक वर्ष पुग्नै लाग्दा २०७६/०७७ मा प्राप्त गरेका मुख्य उपलब्धीहरु निम्न छनः

- आयोगको दैनिक काम सञ्चालनको लागि आवश्यक पूर्वाधारहरु- भवन, सवारी साधन, कार्यालय सञ्चालनसँग सम्बन्धित टेवल, कम्प्युटर लगायतका सामाग्रीहरु उपलब्ध जनशक्तिको लागि व्यवस्था गरिएको साथै थप जनशक्ति उपलब्ध गराउन प्रदेश सरकारमा लेखी पठाइएको अवस्था रहेको छ।
- प्रदेश लोक सेवा आयोग ऐन २०७६ ले दिएको अधिकार प्रयोग गरी "प्रदेश लोक सेवा आयोग नियमावली २०७६" र "प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड २०७६" स्वीकृत गरी कार्यान्वयनमा रहेका तथा "प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका" को मस्यौदा निर्माण कार्य अन्तिम चरणमा पुगेको।

- प्रदेश लोक सेवा आयोगको नियमावलीमा सुझाव संकलन तथा आयोगको भावी कार्यदिशा सम्बन्धी अन्तरक्रिया कार्यक्रम बुटवलमा सम्पन्न गरिएको साथै स्थानीय तहहरुमा रहेका सँगठन संरचना र जनशक्ति व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम ८ जिल्लामा सञ्चालन गरी आवश्यक सुझावहरु प्राप्त गरिएको।
- प्रदेश निजामती सेवामा रहने स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा तथा प्रशासन सेवाका विभिन्न तहका पदहरुको पाठयक्रम, सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयहरु तथा दक्ष/विज्ञहरुको सहयोग लिई निर्माण र स्वीकृत गरिएको।
- आयोगका गतिविधिहरुको जानकारी प्रदान गर्नको लागि वेभसाइट निर्माण गरिएको साथै आवश्यक पर्ने Software हरुको प्रयोग मार्फत आयोगलाई सूचना प्रविधि मैत्री बनाउने प्रयास गरिएको।
- आयोगका विभिन्न कामहरुमा संलग्न हुन चाहने व्यक्तिहरुका लागि दक्ष/विज्ञ फारम तयार गरी वितरण र संकलन गर्दै विशेषज्ञहरुको विवरण अद्यावधिक गरिरहेको छ।
- आयोगका कार्यहरु तथा अन्य आवश्यक सूचनाहरु प्रदान गर्ने उद्देश्यले अर्धवार्षिक समाचारपत्र प्रकाशन गरिएको।
- प्रदेश मन्त्रालयहरु, सचिवालय, आयोग तथा कार्यालयहरुसँग जनशक्तिको अवस्थाबारे छलफल गरिएको।
- आयोगका लागि गाडी ३ (कार्यालय १, पदाधिकारी २), मोटरसाइकल २, स्कुटर ३ खरिद गरिएको।
- आयोगको कार्यालय र अध्यक्षको आवास मर्मत सम्भार गरिएको।

# परिच्छेद-४
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ४.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १८ करोड ४८ लाख २४ हजार | ९ करोड ५९ लाख १ हजार | ५१.८९ |
| पुँजीगत | ४ करोड ८३ लाख ४५ हजार | २ करोड ६७ लाख ५४ हजार | ५५.३४ |
| जम्मा | २३ करोड ३१ लाख ६९ हजार | १२ करोड २६ लाख ५६ हजार | ५२.६० |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ४.२ आर्थिक वर्ष २०७६/७७ मा कार्यालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार सशर्त अनुदान | १२७६९ | |
| २ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ११६२४३ | ८९५५० |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ४.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०३ | प्रदेशको विकासका लागि महत्वपूर्ण ठानिएका बढीमा दश वटा प्रादेशिक गौरवका आयोजनाहरु छनोट गरी कार्यान्वयन गर्दै लगिनेछ। द्रुतगतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न अधिकार सम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना गरिनेछ। पूर्वाधार विकास परियोजना सञ्चालन गर्ने आयोजना वा कार्यालय प्रमुखसँग कार्य सम्पादन करार गरिनेछ। | • प्रादेशिक गौरवका आयोजनाहरु छनोटका लागि नीतिगत आधार तयार गरी छनोट प्रकृया रहेको,<br>• पूर्वाधार विकास प्राधिकरण गठन भएको। |
| १४३ | **सूचना शक्ति हो, तथ्याङ्क शक्तिको स्रोत हो** भन्ने तथ्यलाई हृदयंगम गरी प्रदेशको तथ्यांकको व्यवस्थापनका लागि संरचनागत व्यवस्था गरिनेछ। आधारभूत तथ्यांकका लागि अन्य निकायमा आश्रित हुनु नपर्ने अवस्था सृजना गरिनेछ। | • प्रदेश तथ्याङ्क ऐन पारित भई कार्यान्वयनको चरणमा रहेको<br>• संरचनागत व्यवस्था निर्माणको क्रममा रहेको |
| १४८ | चालु आर्थिक वर्षमा ३५ गाउँपालिकामा संचालित मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई आर्थिक वर्ष २०७६/७७ मा | • प्रदेशका सबै गाउँस्थानीय तहहरुमा विस्तार भई सञ्चालन भएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
| --- | --- | --- |
| | सबै गाउँपालिकामा विस्तार गरिनेछ। | |
| १५० | सबै स्थानीयतहबाट पारित भएका कानूनको संकलन, अभिलेखांकन र विश्लेषण गरी सोका आधारमा स्थानीय तहलाई आवश्यक सुझाव दिने व्यवस्था मिलाइनेछ। स्थानीय तहका न्यायिक समितिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ। | • केही स्थानीय तहहरुबाट पारित भएका कानुनहरु सङ्कलन कार्य भएको,<br>• न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिएको। |
| १५१ | जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयको प्रभावकारी इकाईको रुपमा विकास गरिनेछ। | • जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५ पारित भई कार्यान्वयनमा रहेको<br>• मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्न जिल्ला स्तरमा जिल्ला व्यवस्थापन तथा समन्वय समिति रहने व्यवस्था मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५(संशोधन सहित) ले गरेको |
| १६३ | सरकारी सेवाका पदाधिकारी एवं कर्मचारीहरुमा सदाचारिताको विकासका लागि प्रदेशको सदाचारिता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। प्रदेश सुशासन सम्बन्धी कानुन तर्जुमा गरी प्रदेश सरकारबाट गरिने क्रियाकलाप तथा खर्चलाई पारदर्शी बनाईनेछ। भ्रष्टाचार र अनियमिततालाई कडाईका साथ निगरानी र दण्डित गरिनेछ। | • प्रदेश सदाचारिता नीति तर्जुमा नभएको<br>• प्रदेश सुशासन ऐन, २०७६ पारित भई कार्यान्वयनमा रहेको।<br>• प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ पारित भई कार्यान्वयनमा रहेको<br>• सार्बजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ पारित गरी कार्यान्वयनमा रहेको |
| १६४ | प्रदेश लोक सेवा आयोग गठन गरी आगामी वर्ष प्रदेश र स्थानीय तहमा कर्मचारी पदपूर्ति गरी कर्मचारी सम्बन्धमा देखिएको समस्या समाधान गरिनेछ। प्रदेश सरकारी सेवा सम्बन्धी कानुन तर्जुमा गरिनेछ। प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ। | • प्रदेश लोक सेवा आयोग गठन भएको,<br>• प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयार भईरहेको र अस्थायी संस्था संरचना र दरबन्दी विवरण मात्र हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको।<br>• संघीय निजामती सेवा ऐनको अभावमा स्थायी संगठन संरचना र जनशक्ति सम्बन्धी कानुनी व्यवस्था गर्न कठिनाई भएको |
| १६५ | कर्मचारीमा उच्च मनोबलसहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन | • ग्रामीण विकास प्रशिक्षण केन्द्र, नेपालगञ्ज, बाँकेलाई प्रदेशकै नमूना तालिम केन्द्र |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | गरिनेछ। कर्मचारीहरुको क्षमता अभिवृद्दिका लागि प्रदेशमा प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। प्रदेश सेवामा प्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आधारभूत तालिम दिइनेछ।संघसँगको समन्वयमा कर्मचारीहरुको तलबमान निर्धारण, वृत्तिविकास लगायतका विषयलाई संबोधन गरिनेछ। | बनाउने सोचका साथ पूर्वाधार मर्मत संभार भईरहेको तर संघीय सरकारबाट पूर्वाधार विधिवत हस्तान्तरण भईनसक्दा पूर्ण उपयोगमा आउन नसकेको।<br>• प्रदेश निजामती सेवा ऐनको मस्यौदामा प्रस्ताव गरिएको |
| १६६ | नेपालको संविधानको अनुसूची ६,७ र ९ तथा कार्य विस्तृतीकरणबाट प्रदेशलाई प्राप्त अधिकार तथा जिम्मेवारी पूरा गर्न सक्नेगरी आवश्यक आर्थिक श्रोत, संगठन संरचना र जनशक्ति विकासको कार्ययोजना तयार गरी अघि बढाइनेछ। यसका लागि आवश्यकता अनुसार नेपाल सरकार तथा स्थानीय सरकारहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।संविधानको धारा २३३ अनुसार प्रदेशहरुबीच अनुभव तथा सहयोग आदान प्रदानको प्रकृयालाई समेत अघि बढाइनेछ। | पदाधिकारी तथा कर्मचारीहरुको अन्तर प्रदेश भ्रमण राखिएको तर कोभिड-१९ को कारण कार्यक्रम हुन नसकेको,प्रदेशलाई प्राप्त अधिकारहरुको पूर्णरुपमा उपयोग र कार्यान्वयनका लागि सँगठन संरचना हस्तान्तरण गर्ने सम्बन्धमा संघसँग समन्वय भईरहेको ,<br>कार्यक्रम/आयोजनाहरुमा दोहोरोपना देखिँदा राष्ट्रिय योजना आयोगसँग समन्वय गरी श्रोतको प्रभावकारी उपयोगमा ध्यान दिइएको।<br>प्रदेश समन्वय परिषद्को बैठक आयोजना गरी बैठकका निर्णयहरुको कार्यान्वयनका लागि समेत समय समयमा पत्राचार र स्थानीय तहको अनुगमन गरिएको। |

## ४.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २७. | गरीबीको मारमा परेका घर परिवारहरुलाई लक्षित गरी उनीहरुलाई शिक्षा, स्वास्थ्य सामाजिक सुरक्षा आय आर्जन लगायतका कार्यक्रमका माध्यमबाट गरीबीबाट मुक्त गर्ने। | • प्रदेशभित्रका सबै (७३ वटा) गाउँपालिकाहरुमा तोकिए बमोजिम अनुदान दिइएको,<br>• कार्यक्रम सञ्चालनका लागि १४ जना सहजकर्ता थप गरी २६ जना पुर्याईको,<br>• यस कार्यक्रम अन्तरगत आवास निर्माण, तालिम तथा अभिमुखिकरण सञ्चालन, सामाग्री वितरण, शिविर सञ्चालन लगायतका कार्यक्रमहरु गरी २ लाख ३९ हजार ९१३ जना लाभान्वित भएका, करिव २ हजारको संख्यामा रोजगारी सिर्जना भएको, यसबाट गरीबी निवारणमा योगदान पुर्याउन सहयोग पुगेको |

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ९३. | सीप विकास तालिम, गोष्ठी, सचेतना, पुरस्कार, प्रमाणीकरण, वेरोजगारको तथ्याङ्क संकलन र विदेशबाट फर्केका युवाको लगानी प्रवर्धन | लामो अवधिको तालिमका लागि गठन आदेशमार्फत नेपालगञ्जमा रहेको ग्रामीण प्रशिक्षण केन्द्रलाई प्रदेश स्तरीय प्रशिक्षण केन्द्रका रुपमा अगाडि बढाइएको,छोटो अवधिका तालिम,गोष्ठी सञ्चालन गरी क्षमता विकास गराईएको, कृषि, उद्धोग, वन, पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना भएको |
| १५२. | सञ्चार तथा सूचना प्रविधिमैत्री प्रदेश निर्माणको लागि आधार तयार गरी प्रदेशलाई डिजिटल प्रदेश बनाउने | • प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन भएको,<br>• सुचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित काममा यसैसँग समन्वय गर्ने कार्य भईरहेको<br>• प्रदेशमा सूचना प्रविधि पार्क निर्माणका लागि प्रयास भईरहेको |
| १६४. | प्रदेशमा भ्रष्टाचार र अनियमिततालाई कडाईका साथ निगरानी र दण्डित गरी सुशासन कायम गर्नका लागि आगामी वर्ष सुशासन सम्बन्धी ऐन तर्जुमा र कर्मचारीहरुमा सदाचारिताको विकासका लागि सदाचारिता नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। | • प्रदेश सुशासन ऐन,२०७६ निर्माण भई कार्यान्वयनमा रहेको र नियमावली वन्ने क्रममा रहेको |
| १६६. | प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको क्षमता विकास र निर्वाचित जनप्रतिनिधिहरुको अभिमुखीकरणका लागि प्रदेशभित्रै प्रदेशस्तरीय प्रशिक्षण केन्द्र स्थापनाको प्रकृया अघि बढाइएको छ। यस प्रयोजनका लागि बांके जिल्लाको नेपालगञ्जमा रहेको प्रशिक्षण केन्द्रको सुदृढीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। | • नेपालगञ्जमा रहेको प्रशिक्षण केन्द्रलाई प्रदेश सरकार मातहत ल्याउन पहल भईरहेको तथा प्रदेशस्तरीय प्रशिक्षण केन्द्र स्थापनाकालागि गठन आदेश पारित भएको |
| १६७. | प्रदेशमा जनशक्तिको व्यवस्थापनका लागि प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्नुका साथै सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई थप व्यवस्थित वनाइने | • प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक मस्यौदा तयार भएको,<br>• कर्मचारीको तलव सुविधा संघीय सरकारले तोके बमोजिम भएको |
| १८१. | प्रदेश सरकारबाट जारी गरिएको | • प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ |

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | अनुगमन तथा मूल्यांकन दिग्दर्शन २०७५ अनुरुप अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक हुने गरी संस्थागत गरिनेछ। प्रत्येक चौमासिकमा हुने प्रगति समीक्षालाई वित्तीय र भौतिक प्रगतिका अतिरिक्त नतिजा सूचकका आधारमा गर्ने पद्धति अवलम्वन गरिनेछ। | कार्यान्वयनमा रहेको |

## ४.५ आ.व. २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तीय प्रगति % |
|---|---|---|---|---|
| १ | बैठक व्यवस्थापन र सञ्चालन | ५ | १०० | १०० |
| २ | मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन र अनुगमन | ५.०४ | ६६ | ० |
| ३ | आयोजना व्यवस्थापन सूचना प्रणालीको विकास | १९ | १० | ० |
| ४ | प्रादेशिक एवं राष्ट्रिय गौरवका आयोजनाहरुको समीक्षा | ६ | ३३ | ० |
| ५ | भ्रष्टाचार विरुद्ध दिवस मनाउने | २ | १०० | १०० |
| ११६ | १९, ११६ | स्थानीय तहका केन्द्रहरुलाई प्रदेशका मुख्य सडक सञ्जालसँग जोड्ने (गा.पा. पहुँचमार्ग) | चन्द्रकोट गा.पा. पहुँचमार्ग गुल्मी अन्तरगत १२ कि.मि. खण्डमा गत आ.व.को संघिय सरकारसँगको समपूरक आयोजनाबाट काम हुने भएकोले गा.पा. पहुँचमार्ग शीर्षकबाट जम्मा १ कि.मि. लम्बाइमा सडक ग्राभलिङको काम भएको। गेरुवा गा.पा. पहुँचमार्ग, बर्दिया अन्तरगतको सडक खण्डमा संघिय सरकार अन्तर्गत रहेको हुलाकी सडक आयोजनाबाट कार्य हुने भएकोले कार्यान्वयन नगरिएको। बाँकी रहेको २७ वटा गा.पा. पहुँच मार्गको ठेक्का सम्झौता भई काम अगाडि वढेको छ जसअन्तरगत गत आ.व.०७६/०७७ मा ६१.७३% वित्तीय प्रगति र ६६% भौतिक प्रगति हासिल भएको छ। |
| ११८ | ११६ | पर्यटन स्थल पहुँच मार्ग | तम्घास रेसुङ्गा मार्ग, गुल्मीमा संघीय सरकारको हस्तान्तरित आयोजना अन्तरगत पुरै सडक खण्डमा ठेक्का आह्वान भई काम अगाडि वढेकोले दोहोरो पर्ने हुँदा काम नभएको। यसैगरी शहिद मार्ग रुङ्टीगढी पर्यटन मार्ग अन्तरगत सम्बन्धित निर्माण ब्यवसायीबाट पटक पटकको ताकेता पश्चात समेत काम हुन नसकेको अवस्था छ। बाँकी रहेको १२ वटा पर्यटन मार्गमा ५२.२२% वित्तीय प्रगति र ५६% भौतिक प्रगति हासिल भएको अवस्था छ। |
| ११९ | ६३, ११६ | उद्योग स्थल पहुँच मार्ग | गत आ.व.मा सञ्चालन भएका जम्मा ४ वटा आयोजनामा ५६.५९% वित्तीय प्रगति र ६१% भौतिक प्रगति भएको |

| | | | |
|---|---|---|---|
| | | | छ। |
| १२३ | ११६ | कृषि सडक | गत आ.व.मा सञ्चालन भएका जम्मा ४ वटा आयोजनामा ७१.७३% वित्तीय प्रगति र ७४% भौतिक प्रगति भएको छ। |
| ११५ | १३३ | प्रदेश स्तरीय सडक | गत आ.व.मा सञ्चालन भएका जम्मा ११६ वटा आयोजनामा ७१.७५% वित्तीय प्रगति र ७५.५% भौतिक प्रगति भएको छ। |
| ११५ | १३३ | प्रदेश क्षेत्र स्तरीय सडक | गत आ.व.मा सञ्चालन भएका जम्मा ११३ वटा आयोजना मध्ये ४ वटा आयोजनामा काम हुन नसकेको र बाँकी १०९ वटा आयोजनाको काम अगाडि बढी ६७.६३% वित्तीय प्रगति र ७१.५% भौतिक प्रगति भएको छ। |
| ११७ | १३३ | सीमाक्षेत्र सडक | गत आ.व.मा सञ्चालन भएका जम्मा १७ वटा आयोजनामा ४६.७१% वित्तीय प्रगति र ५१% भौतिक प्रगति भएको छ। |
| १०८ | १३४ | सडक पुल | समानिकरण तर्फ ८ वटा नयाँ सडक पुल ठेक्का प्रकृयामा रहेको र १८ वटा नयाँ पुलको ठेक्का सम्झौता भएको, १९ वटा सडक पुल निर्माणाधीन अवस्थामा रहेको तथा ६ वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएको, बाँकी रहेका ४ वटा नयाँ सडक पुलको DPR चेकजाँचको क्रममा रहेको।<br>सशर्त तर्फको २ वटा सडक पुल ठेक्का प्रकृयामा र २ वटा सडक पुलको लागि ठेक्का सम्झौता सम्पन्न भएको, ८ वटा सडक पुल निर्माणाधीन अवस्थामा रहेको छ भने ७ वटा सडक पुल सम्पन्न भईसकेका छन। शसर्त तर्फका ५ वटा सडक पुलको DPR चेकजाँच तथा लागत अनुमान स्वीकृतिको काम अगाडि वढिरहेको छ |

## ७.४ आ.व. २०७६/७७ मा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | जलश्रोत तथा सिंचाई तर्फ | | | | | | |
| १.१ | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिं. कार्यक्रम | ९० | ८२९००२ | २४ | २७ | ७०६६१६ | ८५.२२ |
| १.२ | जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम | ६७ | ५८५३६८ | ५८ | ८७ | ४८९३६१ | ८३.६० |
| १.३ | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम | १०१ | २५३९३५ | ४८ | ४८ | १६८७४२ | ६६.४५ |
| १.४ | सिंचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | १३४ | १५८५०० | १२२ | ९१ | १४८८९४ | ९३.९४ |
| १.५ | जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | ४ | ३५००० | ३ | ७५ | २०३३९ | ५८.११ |
| १.६ | मझौला सिंचाइ आयोजना | ७० | ५२८५०० | १९ | २७ | ४१८३०४ | ७९.१५ |
| १.७ | समृद्ध तराई मधेश सिंचाइ विशेष कार्यक्रम | ४४ | ४०८५८० | १६ | ३६ | ३४४२०७ | ८४.२४ |
| १.८ | नया प्रविधिमा आधारित कार्यक्रम | ३१ | ७७१९१ | ८ | २६ | ५३९३४.२ | ६९.८७ |
| १.९ | नदी नियन्त्रण कार्य | २० | ५००५३९ | १५ | ७५ | ४८०८६९ | ९६.०७ |
| १.१० | टार वजार संरक्षण कार्यक्रम | २ | १०००० | १ | ५० | ३०२० | ३०.२० |
| १.११ | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ आयोजना | ८० | १७५०६५ | ४४ | ५५ | ७२१४१ | ४१.२१ |
| १.११ | मर्मत संभार आयोजनाहरु | २ | ५५२५० | | ० | ५५१०७ | ९९.७४ |
| १.१२ | वाणगंगा सिंचाइ व्यवस्थापन | १ | ९५८०० | | ० | १७२९१ | १८.०५ |
| | जम्मा | २५० | १८५०९२५ | | ० | १४४४८७५ | ७८.०६ |
| १.१३ | पहिरो प्रभावित क्षेत्रको एकीकृत बस्ती तथा पूर्वाधार कार्यक्रम अन्तर्गत प्रभावित सिंचाइ संरचना निर्माण, पुन : निर्माण कार्य | २ | २९००० | २ | १०० | १९३१२ | ६६.५९ |
| २ | खानेपानी तथा सरसफाई तर्फ | | | | | | |
| २.१ | सघन खानेपानी विकास कार्यक्रम | | | | | | |
| | (क) क्रमागत खानेपानी आयोजना | २०३ | १३६७३०० | ५ | २ | ११४८३४९ | ८३.९९ |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | (ख) माग भई आएका ख.पा.आ. हरुको सम्भाव्यता आध्ययन गरी सम्भाव्य आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिई डी.पी.आर तयार गर्ने | ४३८ | ५१४७५ | ३०६ | ७० | ४७७०८ | ९२.६८ |
| | (ग) नयाँ माग भएका ख.पा.आ. हरुको डी.पी.आर पश्चात कार्यान्वयन गर्ने | ३२७ | १३१७०९ | ८ | २ | ११६४७७ | ८८.४४ |
| | (घ) स्थान विशेष खानेपानी आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिई कार्यान्वयन गर्ने | ९ | ८२०० | ६ | ६७ | ४४५३ | ५४.३० |
| २.३ | सरसफाई तथा ढल व्यवस्थापन कार्यक्रम | ११ | १८५७७ | २ | १८ | १०५४२ | ५६.७५ |
| २.४ | खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा श्रोत संरक्षण कार्यक्रम | ५ | ११२५० | ४ | ८० | ११०४७ | ९८.२० |
| २.५ | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | १९३ | १२६४१३ | १५५ | ८० | १०४२५५ | ८२.४७ |
| ३ | खानेपानी (सशर्त तर्फ) | | | | | | |
| ३.१ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | २३ | १०९९३ | २२ | ९६ | ९९५३ | ९०.५४ |
| ३.२ | उच्च प्रविधियुक्त केन्द्रीय खानेपानी कार्यक्रम | ४९३ | १७६४६२४ | २९ | ६ | १६९३२८३ | ९५.९६ |
| ३.३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ३ | ५३३८ | ० | ० | ५७० | १०.६८ |
| ३.४ | डिप ट्युवेल आयोजना मर्मत सुधार कार्यक्रम | ११ | २२६९८ | ११ | १०० | १८३८० | ८०.९८ |
| ३.५ | तराई मधेश खानेपानी सुधार कार्यक्रम | १४६ | ६५५१७७ | ० | ० | ६४२१२९ | ९८.०१ |
| | खानेपानी तर्फको जम्मा | ६७६ | २४५८८३० | ६२ | ९ | २३६४३१५ | ९६.१६ |
| ३.६ | पहिरो प्रभावित क्षेत्रको एकीकृत बस्ती तथा पूर्वाधार कार्यक्रम अन्तर्गत प्रभावित खानेपानी संरचना निर्माण, पुनः निर्माण कार्य | ३१ | १४००० | ३१ | १०० | ३६५० | २६.०७ |
| ४ | आवास तथा भवन तर्फ | | | | | | |
| ४.१ | आवास, व्यवस्था तथा बस्ती विकास कार्यक्रम | ४७ | २९१९४१ | | | १४८५०९.८ | ५१ |
| ४.२ | भवन तथा सभाहल निर्माण | १८ | १८५६४० | | | २५९१०.६ | १४ |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ४.३ | शहरी पूर्वाधार विकास | ३२ | १५४०७० | | | ५५८७०.६ | ३६ |
| ४.४ | सरकारी कार्यालय मर्मत संभार | १७२ | ११९००० | | | ९९८२१.० | ८४ |
| | जम्मा | २६९ | ७५०६५१ | | | ३३०११२ | ४४ |
| | सशर्त तर्फ | | | | | | |
| ४.५ | जनता आवास | ३२१४ | ७२६४०० | | | ४७८४१६.९९ | ६६ |
| ४.६ | ज्येष्ठ नागरिक भवन निर्माण | १ | २५००० | | | २४९९९.०१ | १०० |
| | जम्मा | ३२१५ | ७५१४०० | | | ५०३४१६ | ६७ |
| ५ | सडकतर्फ | | | | | | |
| ५.१ | प्रदेश स्तरका प्रमुख राजमार्ग/ प्रदेश गौरवका आयोजना | २० | ७५५८४६ | | | ३७७७८७ | ४९.९८ |
| ५.२ | प्रदेश क्षेत्र स्तरीय सडक | ११ | ४०८०० | | | ३४७४७ | ८५.१६ |
| ५.३ | प्रदेश क्षेत्र स्तरीय सडक | ११३ | ५२४८४९ | | | ३५४९५९ | ६५.७२ |
| ५.४ | प्रदेश स्तरीय सडक | ११६ | ५०९९४६ | | | ३६५८९५ | ७१.७५ |
| ५.५ | स्थानीय तह पहुँचमार्ग | २९ | ६२६४९७ | | | ३८६७६९ | ६१.७३ |
| ५.६ | सीमाक्षेत्र सडक | १७ | २३३२०० | | | १०८९५० | ४६.७१ |
| ५.७ | पर्यटन स्थल पहुँचमार्ग | १४ | १७८६३३ | | | ९३२८९.३ | ५२.२२ |
| ५.८ | कृषि क्षेत्र पहुँचमार्ग | ४ | ८०००० | | | ५७४६६ | ७१.८३ |
| ५.९ | उद्योग स्थल पहुँचमार्ग | ४ | ८६४० | | | ४८८९.६ | ५६.५९ |
| ५.१० | अन्य पहुँचमार्ग | ४ | २८००० | | | २३०५५ | ८२.३३ |
| ५.११ | सडक पुल (क्रमागत) | १६ | ३६८३०८ | | | २७६२७२ | ७५.०८ |
| ५.१२ | सडक पुल (नयाँ) | ३९ | ३६७९५३ | | | १८५५५०.५ | ५०.४२ |
| ५.१३ | झोलुङ्गे पुल (क्रमागत) | ७ | २४२७१ | | | २१२१५.९ | ८७.४१ |
| ५.१४ | झोलुङ्गे पुल (नयाँ) | ७ | ७१२७५ | | | ३०२५५ | ४२.४४ |
| ५.१५ | परामर्श सेवा | ९ | ६००० | | | ४८१८ | ८०.३ |
| ५.१६ | नियमित मर्मत संभार | ११२ | २१५११२ | | | १४७२८० | ६८.४६ |
| ५.१७ | आवधिक मर्मत संभार | ७६ | २११३४८ | | | १३६०१६ | ६४.३५ |
| ५.१८ | आकस्मिक मर्मत संभार | १० | ६५०० | | | २९८०.९ | ४५.८६ |
| ५.१९ | सडक सुरक्षा कार्यक्रम | ६ | ३४००१ | | | १०१५४.९ | २९.८६ |
| ५.२० | झोलुङ्गे पुल मर्मत | १४ | ९३१७ | | | | |
| ५.२१ | रणनीतिक सडक | २९ | ८४९२७५ | | | ६७५३९४ | ७९.५२ |
| ५.२२ | प्रादेशिक सडक | १७२ | १४४८७१८ | | | १०४६३६१.५ | ७२.२२ |
| ५.२३ | समपूरक आयोजना | १३ | ४९०२०० | | | २६४०१४ | ५३.८५ |
| ५.२४ | विशेष अनुदानबाट संचालित आयोजना | २ | ३९००० | | | ११४६९ | २९.४० |

(स्रोतः. भौतिक पूर्वाधार विकास मन्त्रालय, बुटवल )

## ७.५ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | स.चा.अ.प./सवारी दस्तुर | लक्ष्य नतोकिएको | ३६५२५९.८१९ | - |

| | | | | |
|---|---|---|---|---|
| २ | यातायात क्षेत्रको आम्दानी | | ९८९१९.३८७ | |
| ३ | प्रशासनिक दण्ड | | ८४.५ | |
| ४ | सवारी साधन कर | | १८६३५६६.२१२ | |
| ५ | वार्षिक आय कर | | ० | |
| | जम्मा | | २३२७८२९.९२ | |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, बुटवल)

## ७.६ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

### ७.६.१ सडक तथा पुल निर्माणः

- नयाँ ट्र्याक निर्माण : ९९.१ कि.मी.
- सडक विस्तार (थप चौडा गर्ने काम) : २९९ कि.मी.
- सडक ग्राभल गर्ने काम : २०५ कि.मी.
- कालोपत्रे गर्ने तयारीमा रहेको सडक : १०२ कि.मी.
- कालोपत्रे सम्पन्न सडक : १५४ कि.मी.
- ह्युम पाईप कल्भर्ट निर्माण : ८०३ वटा
- स्ल्याव कल्भर्ट कजवे तथा वक्स कल्भर्ट निर्माणः ९४ वटा
- पक्की नाली निर्माण : ८८.०८ कि.मी.
- ढलान गरी पक्की सडक निर्माण : १.९ कि.मी.
- ग्याबियन टेवल पर्खाल निर्माण : १०६१०५ घ.मी.
- स्टोन मेशनरी टेवा पर्खाल निर्माण : ६६८५८ घ.मी.
- सम्पन्न सडक पुल : ७ वटा
- सम्पन्न झोलुङ्गे पुल : ५ वटा

### ७.६.२ यातायात व्यवस्थाः

- स.चा.अ.प./सवारी दस्तुरबाट राजश्व संकलन : रु. ३६,५२,५९,८१९/-
- यातायात क्षेत्रको आम्दानी : रु. ९,८९,१९,३८७/-
- सवारी साधन कर : रु. १,८६,३५,६६,२१२/-
- अन्य : रु. ८४,५००/-

**जम्मा राजश्व संकलन : रु. २,३२,७८,२९,९२०/-**

### ७.६.३ खानेपानीः

- विस्तृत सर्वे, डिजाइन, लई तयारी : ३१४ वटा
- पाइप उपलव्धी : ४००० कि.मी.
- इन्टेक निर्माण : २०६ वटा
- डिप बोरिङ्ग निर्माण : ८३ वटा
- लिफ्ट खा.पा.को सम्प वेल निर्माण : ५० वटा
- पाइप लाइन जडान (ट्रान्समिसन) : ५०९ कि.मी.
- पाइप लाइन जडान (डिष्ट्रिव्यूसन) : १२९४ कि.मी.
- फेरो पानीटङ्कि निर्माण : २३२ वटा
- आर.सि.सी. पानी टङ्की : २५६ वटा
- धारा निर्माण (सार्वजनिक) : २६ वटा

- धारा निर्माण (निजि) : १७१५४ वटा
- आयोजना सम्पन्न : ४६ वटा
- लाभान्वित घरधुरी : १७३३२ वटा
- लाभान्वित जनसंख्या : ९२२८२ वटा

### ७.६.४ बस्ती विकास कार्यक्रमः

- ढल निर्माण : १२ कि.मी.
- ग्रावेल सडक निर्माण : ६ कि.मी.
- पिच सडक निर्माण : ३ कि.मी.
- पि.सि.सि. सडक निर्माण : ९४६ मी.
- फूटपाथ : १३०० मी.
- रिटेनिङ वाल निर्माण : ४५८ मी.
- पार्क : १३ वटा
- प्रदेश प्रवेश गेट(बर्दिया) : १ वटा
- सरकारी कार्यालय/भवन मर्मत : १७२ वटा
- अध्ययन : ७ वटा

### ७.६.५ जनता आवास कार्यक्रमः

- प्लिन्थ लेभल सम्म सम्पन्न : ६६५ वटा
- वाल सम्म सम्पन्न : ४३६ वटा
- छाना सम्म सम्पन्न : ५८१ वटा
- शौचालय सहित कार्य सम्पन्न : १२८४ वटा
- शौचालय निर्माण बाँकी : ५०३ वटा
- ज्येष्ठ नागरिक आवास निर्माण : १ वटा

### ७.६.६ सिंचाईः

- सिंचाइ बाँध /मुहान : ६२ गोटा
- पक्की नहर /कुलो : १४८ कि.मि
- लिफ्ट सिंचाइ : २० गोटा
- डिप ट्यूववेल : ४६ गोटा
- पावर ड्रिल स्यालो ट्यूववेल : १७६ गोटा
- पम्प हाउस : ५१ गोटा
- पाइप लाइनिङ : ६१ कि.मि
- पम्प जडान : २८ गोटा
- बिद्युतीकरण : ४४ गोटा
- नदीमा माटोको बाँध बनाई ग्याविन तथा ढलान बाट वचावट कार्यः २७ कि.मि.
- ३८७७ हे. जमिनमा थप सिंचाइ सुविधा पुगेको
- १५०८४ हे. जमिनको सिंचाइ संरचना सुदृढीकरण गरेको
- १०८५ हे. जमिन उकास भएको
- तट्बन्धनबाट ४६३४ घर तथा ४४२३ हे. खेतियोग्य जमिन सुरक्षित भएको
- सार्वजनिक सम्पतिहरु, विद्यालय, बाटो, पुल, मन्दिर आदिको संरक्षण भएको

### ७.६.७ ऊर्जाः

- नवीकरणीय ऊर्जा सम्मेलनको आयोजना सम्पन्न
- प्रादेशिक ऊर्जा समन्वय समितिको गठन
- प्रादेशिक ऊर्जा प्रोफाईलको तयारी अन्तिम चरणमा

## ७.७ उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान

भौतिक पूर्वाधारको विकास गर्ने कार्यका लागि आ.व.०७६/०७७ मा आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा प्रदेश अर्थतन्त्रको तपसिल बमोजिमका क्षेत्रमा योगदान पुऱ्याएको छ।

- प्रदेशकै मुख्य आम्दानीको श्रोतको रुपमा रहेको यातायात क्षेत्रबाट रु. २,३२,७८,२९,९२०/- राजश्व संकलन भएको।
- आ.व.०७६/७७ मा प्रदेशभर ९९ कि.मी. नयाँ ट्र्याक निर्माण, कालोपत्रे सडक १५६.८ कि.मी., खण्डास्मित (ग्राभल) सडक २११ कि.मी. सडक निर्माण र ७ वटा सडक पुलको निर्माणले यातायात क्षेत्रको पँहुच विस्तार हुनुका साथै स्थानीय क्षेत्रको श्रोत, साधन र उत्पादित वस्तुको वजारीकरणमा समेत अभिवृद्धि भएको।
- सडक दुर्घटना न्युनीकरण गर्दै सुरक्षित यातायातको प्रत्याभुति गराउन सडक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइएको।
- उद्योगस्थल सम्म आवश्यक पर्ने कच्चा पदार्थ पुऱ्याउन र उत्पादित सामग्रीको वजारीकरण गर्नका लागि ४ वटा उद्योगस्थल पँहुच मार्गको रुपमा सडक निर्माण भईरहेको।
- पर्यटन क्षेत्रको प्रवर्द्धन, आन्तरिक बाह्य पर्यटकको संख्या अभिवृद्धि, पर्यटनस्थल सम्म सहज पँहुच भई रोजगारीका अवसरहरु समेत सिर्जना गर्नका लागि १४ वटा पर्यटक स्थल पँहुच मार्गको निर्माण भईरहेको।
- स्थानीय तहबाट जिल्ला सदरमुकामसम्म नियमित, सुरक्षित पँहुच र सडक सञ्जालको माध्यमबाट जोड्नका लागि २९ वटा स्थानीय तह पँहुच मार्गको निर्माण भईरहेको।
- विद्युतको पँहुच प्रदेश भरका ८७ प्रतिशत घरधुरीमा पुगेको र राष्ट्रिय वितरण लाईनको पँहुच नपुगेका क्षेत्रमा अनुदानमा आधारित घरेलु सौर्य ऊर्जा (सोलार) को वितरण मार्फत विद्युतको पँहुच पुऱ्याइएको।
- कृषियोग्य भूमिमा नयाँ प्रविधिमा आधारित, डिप ट्युवेल र लिफ्टिङ्ग सिंचाई प्रणालीको माध्यमबाट ५७ प्रतिशत सिंचित क्षेत्रफलमा सिंचाईको पँहुच पुगेकोले उत्पादकत्वमा वृद्धि भई कृषकहरुको आम्दानीमा वृद्धि हुनुका साथै कृषि क्षेत्रका उपभोग्य वस्तुको आयातमा न्युनीकरण भएको।
- जलाशयको निर्माण मार्फत हिउँदको समयमा पानीको अभाव हुने क्षेत्रमा सिंचाईको उपलब्धताले बेमौसमी कृषि उत्पादनमा टेवा पुगेको।
- नदी कटानबाट वर्षेनी हुने क्षतीलाई न्युनीकरण गर्न नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरी नदी नियन्त्रण र कटान भएको १०८५ हेक्टर जमिनको उकास भएको।
- प्रदेशभरको करिव ९४.५ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको पँहुच मार्फत नागरिकको खानेपानी सम्बन्धी मौलिक हकको प्रचलन हुनुका साथै सरसफाई सम्बन्धी कार्यक्रमको माध्यमबाट नागरिकको स्वस्थ जीवनयापनमा टेवा पुगेको।
- विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई सुरक्षित आवासको प्रत्याभुति दिलाउन आवास निर्माण कार्य भईरहेको।

- विपन्न तथा लक्षित वर्गहरुको आवास सम्बन्धी मौलिक हकको प्रत्याभुति र सुरक्षित आवासको निर्माणका लागि जनता आवास कार्यक्रम मार्फत १२८४ वटा आवास निर्माण सम्पन्न भएको।
- मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुबाट वार्षिक ४०५०० जना व्यक्तिले प्रत्यक्ष र ६५२२५ जना/मासिक अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना भएको।

## ७.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- कोभिड-१९ को महामारी नियन्त्रणका लागि भएको बन्दाबन्दीबाट योजना कार्यान्वयनमा समस्या सिर्जना भएको,
- चालु आ.व.मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भईसकेका संघीय सरकारबाट हस्तान्तरित सशर्त तर्फका आयोजनाहरुमा न्यून बजेट विनियोजन भएकोले कार्यान्वयनमा समस्या।
- न्युनतम जनशक्ति तर अधिक आयोजना संख्या हुनु।
- विभिन्न योजनामा जग्गा विवाद र विद्युत तथा टेलिफोनका पोलहरुले योजना कार्यान्वयनमा समस्या भएको, योजनामा आवश्यक नदीजन्य पदार्थ सहज उपलब्धता हुन नसक्नु
- Low Bidding/No bidding
- PLMBIS सञ्चालनमा समस्या आई आयोजनाको रकम भुक्तानी समयमा हुन नसक्नु।
- राष्ट्रिय निकुञ्ज क्षेत्र, मध्येवर्ति क्षेत्र र वन क्षेत्र भित्रका आयोजनाहरुको सञ्चालनमा समस्या,
- उपभोक्ताबाट जनसहभागिता जुटाउन समस्या,

## ७.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- कोभिड-१९ को महामारी नियन्त्रणका लागि भएको बन्दाबन्दीबाट योजना कार्यान्वयनमा समस्या समाधानका लागि स्वास्थ्यका आधारभूत नियम पालना र स्थानीय प्रशासनको समन्वय गरी विकास निर्माणका आयोजना सञ्चालन गर्ने व्यवस्था गरिनुपर्ने,
- चालु आ.व.मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भईसकेका संघीय सरकारबाट हस्तान्तरित सशर्त तर्फका आयोजनाहरुमा न्यून बजेट विनियोजन भएकोले संघीय सरकारसँग समयमै बजेट निकासाका लागि पहल गर्न आवश्यक।
- जनशक्तिको अनुपातमा आयोजना छनोट गरी आयोजनालाई बहुवर्षीय आयोजनाका रुपमा सञ्चालन गरिनुपर्ने।
- विभिन्न योजनामा जग्गा विवाद र विद्युत तथा टेलिफोनका पोलहरुको व्यवस्थापन तथा नदीजन्य पदार्थको सहज उपलब्धताको लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय हुनुपर्ने।
- विगतका वर्षहरुमा ठेक्का आयोजना कार्यान्वयन गर्दा जुन अनुपात लागत अनुमानको तुलनामा ठेक्काहरु घटेको अवस्थालाई मध्यनजर गरी चालु आ.व.मा बजेट विनियोजन भएको हकमा उक्त आयोजनामा गर्नुपर्ने कार्य विनियोजित बजेटबाट सम्पन्न हुन नसक्ने देखिएमा विगतमा ठेक्का घटेको अनुपातलाई आधार मानी सो बराबरको कार्य सम्पन्न हुने गरी ठेक्का व्यवस्थापन गर्ने।
- PLMBIS सञ्चालनमा समस्या आई आयोजनाको रकम भुक्तानी समयमा हुन गएकोले उक्त सफ्टवेयरलाई सरलीकृत गरी उपयोगकर्ता मैत्री (Userfriendly) बनाउने व्यवस्था गर्नुपर्ने।
- राष्ट्रिय निकुञ्ज क्षेत्र, मध्येवर्ति क्षेत्र र वन क्षेत्र भित्रका आयोजनाहरुको सञ्चालनमा समस्या आएकोले सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी समस्याको सम्बोधन हुनुपर्ने।

- उपभोक्ताबाट जनसहभागिता जुटाउन आयोजना कार्यान्वयन गर्ने निकायले आम उपभोक्तालाई आयोजनाबाट हुन सक्ने फाइदा तथा आयोजना सम्बन्धित उपभोक्ताकै निम्ति हो भन्ने अनुभूति दिलाउने गरी सामाजिक परिचालन (Social mobilization) कार्यलाई थप सशक्त वनाउनुपर्ने।

## ७.१० अन्य/विविध

- कर्मचारी विवरणलाई व्यवस्थित रुपमा अभिलेख राखी आवश्यक विवरण सम्पादन गर्नको लागि मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण कार्यालयबाट नै प्रविष्टि तथा अद्यावधिक गर्नको लागि अनलाइनमा आधारित पोर्टलमा आधारित वनाइएको।
- मन्त्रालयद्वारा सम्पादन गरिएका कार्यहरुलाई वेवसाइट तथा फेसबुक पेजमार्फत सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको।
- सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक खरिद बोलपत्रको माध्यमबाट गर्ने गरिएको।
- सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा नतिजा कार्यालयको वेवसाइट तथा फेसबुक पेज मार्फत प्रकाशन गर्ने व्यवस्था गरिएको।
- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई निष्पक्ष, पारदर्शी तथा प्रभावकारी वनाउन सि.सि.टि.भि.को जडान गरी सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा लिने व्यवस्था मिलाईएको।
- मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको नियमित प्रगतिको विवरणलाई अनलाइनमा आधारित बनाई सम्बन्धित कार्यालयबाट नै आयोजना/कार्यक्रमको प्रगति प्रविष्टी गर्ने गरी मन्त्रालयको समग्र प्रगति विवरण हेर्न सकिने अनलाईन पोर्टल वा वेव बनाउने सोच रहेको।

# परिच्छेद-८

## सामाजिक विकास मन्त्रालय

### ८.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३७३७२१२ | २७७९२७४ | ७४.४ |
| पुँजीगत | १०७२६७५ | ६९६२२६ | ६४.९ |
| जम्मा | ४८०९८८७ | ३३७५५०० | ७०.२ |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

### ८.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र. सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १२००९७२ | ८६६२६९ |
| २ | नेपाल सरकार सशर्त अनुदान | १६६८०८६ | १२७२७५३ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ५००० | १५० |
| ४ | नेपाल सरकार विशेष अनुदान | २४४९५० | ७६५०० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १६९०८७९ | ११५९८२८ |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

### ८.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ७८ | • प्रदेश विश्वविद्यालय स्थापना<br>• सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान<br>• विश्वविद्यालयको सहकार्यमा अनुसन्धान<br>• सामुदायिक क्याम्पस पूर्वाधार सहयोग कार्यक्रम<br>• प्रदेशमा उच्च शिक्षामा विज्ञान , कानुन र प्राविधिक शिक्षा सञ्चालनमा सहयोग | • विधेयक संसदमा छलफलको क्रममा<br>• ६० क्याम्पसहरुमा पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन<br>• प्रदेशमा सामुदायिक क्याम्पसमा बी एस सी र लुम्बिनी विविको सहयोगमा ५ वर्षे वीएएलएलवी कार्यक्रम सञ्चालन |
| ७९ | • उत्कृष्ट सामुदायिक विद्यालयलाई र शिक्षकलाई पुरस्कार<br>• विज्ञान विद्यालयहरुलाई सहयोग<br>• प्राविधिक विद्यालयलाई सहयोग | • विज्ञान गणित नतिजा सुधार ८८८ विद्यालयमा सञ्चालन<br>• २० प्राविधिक शिक्षालयलाई सहयोग<br>• २८ विज्ञान संचालित विद्यालयलाई सहयोग |
| ८० | • बालविकास न्युनतम मापदण्ड<br>• नमुना विद्यालय निर्माण | • १२ नमुना विद्यालय निर्माण सुरु<br>• १२ विद्यालयमा खेलकुद प्रशिक्षण र |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | | नर्सिङ सेवाको सुरुवात |
| ८१ | • स्थानीय पाठ्यक्रम<br>• सामुदायिक क्याम्पसहरुको वर्गीकरण<br>• मातृभाषामा शिक्षा | • स्थानीय भाषामा पाठ्यक्रम निर्माणका लागि कार्यविधि निर्माण र माग सङ्कलन<br>• क्याम्पसहरुको वर्गीकरण |
| ८२ | • धार्मिक विद्यालयको भौतिक पुर्वाधारहरुको विकास<br>• विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको पुर्वाधारहरुको विकास | • १५० धार्मिक विद्यालयहरुको भौतिक पुर्वाधारहरुको विकास<br>• विशेष शिक्षा सञ्चालन गर्ने ४० विद्यालयहरुको पुर्वाधारहरुको विकास |
| ८३ | • विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको पुर्वाधारहरुको विकास | • ४० वटा स्रोतकक्षाहरु सवलीकरण गरिएको। |
| ८४ | • विश्वविद्यालयहरुसँग संस्कृतिसम्बन्धी अध्ययन अनुसन्धान गर्न सहकार्य<br>• युवा अन्वेषण केन्द्र सञ्चालन | • ५ वटा अनुसन्धान कार्य विश्वविद्यालयसँग<br>• ६ वटा अनुसन्धान क्याम्पसहरुसँग<br>• पाल्पामा ढाकाको ईन्क्युवेशन सेन्टर निर्माणको प्रयास |
| ८६ | • लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालहरुमा विशेषज्ञ सेवा विस्तार<br>• सबै जिल्ला अस्पतालहरुमा रक्तसञ्चार, अक्सिजन, अपरेशन लगायतका सेवाहरु विस्तार<br>• अस्पतालहरुको सरसफाई कार्यक्रम<br>• ब्लड बैंक नभएका जिल्लामा ब्लड बैंक स्थापना<br>• रुकुम पूर्वमा जिल्लास्तरीय अस्पताल सञ्चालन<br>• सुधार योजनामा आधारित कार्यसम्पादन सम्झौता | • प्रादेशिक अस्पतालहरुको विशिष्टीकरणका लागि भौतिक पुर्वाधारहरु थपिदै<br>• ब्लड बैंकको विस्तार<br>• रुकुम पुर्वमा अस्पताल सञ्चालन<br>• १४ वटा अटोक्लेभ मेसिनहरु खरिद |
| ८७ | • आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार | • चिकित्सालय तथा आयुर्वेदालय केन्द्रहरुमा पञ्चकर्म सेवा<br>• आयुर्वेदिक औषधीहरुको निर्माण तथा वितरण |
| ८८ | • निःशुल्क औषधीहरु वितरणको लागि औषधी खरिद<br>• खोपको उपलब्धता | • ३४ किसिमका औषधीहरु खरिद र वितरण<br>• खोपको आपुर्तिको सुनिश्चितता |
| ८९ | • ब्रोङकाइटिस र दमजन्य उपचारका | • ब्रोङकाइटिस र दमजन्य उपचारका |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | लागि अस्पतालमा प्रति बिरामी रु ५०,०००। (रु. पचास हजारसम्मको निःशुल्क उपचारको व्यवस्था<br>• स्वास्थ्य संस्थामा जन्मेका हरेक वच्चालाई जन्मनासाथ भिटामिन के दिने व्यवस्था | २१० जना बिरामी लाभान्वित<br>• भिटामिन के खरिद हुन नसकेको |
| ९० | • आँखा अस्पतालहरुसँग सहकार्य गरीनुका साथै प्रत्येक जिल्ला अस्पतालमा मोतियाबिन्दुको उपचार सेवा विस्तार<br>• दृष्टिदोष उपचार शिविर<br>• मुटुरोग, मिर्गौला र सिकलसेल एनेमिया जस्ता रोगहरुको सहज उपचारको व्यवस्था | • ४ वटा आँखा अस्पतालहरुलाई सहयोग<br>• मुटुरोग शिविर सञ्चालन<br>• आयुर्वेद शिविर सञ्चालन |
| ९१ | • प्रादेशिक अस्पतालहरुमा भेन्टिलेटर सहितको एम्बुलेन्स<br>• पालिकास्तरमा एम्बुलेन्स सेवा विस्तार<br>• एम्बुलेन्सको ट्र्याकिङ<br>• गर्भवती, सुत्केरी आमाहरु र दुर्घटनाका घाइतेलाई निःशुल्क एम्बुलेन्स | • ७ पालिकास्तरमा एम्बुलेन्स विस्तार<br>• एम्बुलेन्स ट्याकिङ एपको जडान<br>• निशुल्क एम्बुलेन्स सेवा सञ्चालन |
| ९२ | • विद्यालय तहको पाठ्यक्रममा प्रदेशको वस्तुस्थिति अनुरुप स्वास्थ्यसम्बन्धी विषयहरु समावेश गर्ने पाठ्यक्रम | • विषयवस्तुरुको छनोट मात्र भएको |
| ९३ | • पिउने पानीको परीक्षण प्रयोगशाला<br>• पानीको शुद्धता मुहानमै मापन गरी मुहान प्रमाणीकरण गर्ने कार्य | • प्रयोगशालामा सामग्री सहयोग |
| ९४ | • पूर्ण खोप र पूर्ण सरसफाईयुक्त स्थानीय तह बनाउन स्थानीय तहहरुलाई प्रोत्साहन<br>• कठिन परिस्थितिका बालबालिका तथा महिलाहरुको संरक्षणका लागि आपत्कालीन उद्धारका कार्यक्रम सञ्चालन | • खोपको नियमित आपुर्ति<br>• आपतकालीन केन्द्र संचालकहरुलाई सहयोग |
| ९५ | • घरेलु हिंसामुक्त प्रदेश निर्माणको अभियान<br>• घरेलु हिंसा पीडित परामर्श, उद्धार र | • सचेतना अभियानहरु सञ्चालन<br>• पुनस्थापना केन्द्रहरुलाई सहयोग |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | पुनस्थापना केन्द्र | |
| ९६ | • महिला सशक्तीकरण, सीप विकास र रोजगारमूलक कार्यक्रम<br>• लैंगिक उत्तरदायी बजेट प्रणाली अवलम्बन<br>• एकल महिला तथा यौनिक अल्पसंख्यकको हित प्रवर्द्धन कार्यक्रम | • सचेतना कार्यक्रम |
| ९८ | • लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायका लागि सीपमूलक र आयआर्जनका कार्यक्रम<br>• लोपोन्मुख तथा अन्य भाषासम्बन्धी शोध कार्य, लिपि विकास र संरक्षणका कार्यक्रम | • सहभागी छनोट भएर १ हप्ता सञ्चालन पछी वन्द भएका |
| ९९ | • श्रमिकका लागि सामाजिक सुरक्षा, बिमा, स्वास्थ्य सेवा र क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम<br>• श्रम सम्वाद केन्द्र सञ्चालन। | • अन्तरकृया कार्यक्रम |
| १०० | • जेष्ठ नागरिकहरुलाई लक्षित गरी दिवा सेवा केन्द्र र वृद्धाश्रम सञ्चालन<br>• सीप र अनुभव हस्तान्तरण गर्ने कार्यक्रमहरु<br>• , जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुकालागि सार्वजनिक सेवामा सरलताल्याउन हेल्पडेस्क तथा सचेतना कार्यक्रम | • ज्येष्ठ तथा अपाङ्गता नागरिकता ग्रामको डीपीआर तयारी<br>• ८ वटा दिवा सेवा केन्द्र र वृद्धाश्रमलाई सहयोग<br>• सचेतना कार्यक्रमहरु |
| १०१ | • अपांगता भएका व्यक्तिहरुको क्षमता विकासमा<br>• सहयोगापेक्षी सडक मानव मुक्त प्रदेशसम्बन्धी कार्यक्रम | • अपाङ्ग व्यक्तिका सामग्री विक्री भण्डार<br>• मनव सेवा आश्रम र निलसागर असहाय केन्द्रलाई सहयोग |
| १०२ | • प्रदेशमा रहेका पत्थरकट्टा, नटुवा, कुसुण्डा, राउटे, चिडिमार, राजी आदि समुदायको उत्थानका लागि विशेष कार्यक्रम | • सोनाहा र नटुवा स्वयमसेवकको नियुक्ति |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

## ८.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८२ | • प्रदेश विश्वविद्यालय स्थापना<br>• सामुदायिक क्याम्पस शैक्षिक सुदृढीकरण कार्यक्रम<br>• प्रदेशमा नचलेका बीबीए,बीसीए,कानुन र बीएस्सी सञ्चालन | १. प्रदेश विश्वविद्यालय स्थापना गर्नका लागि उच्च शिक्षा विधेयक प्रदेश सभामा पेश।<br>२. ६० सामुदायिक क्याम्पसहरुमा भौतिक पूर्वाधार तथा गुणस्तरवृद्धिका कार्यक्रमहरु सम्पन्न।<br>३. लुम्बिनी बौद्ध विश्वविद्यालयसँको सहकार्यमा बुटवलमा BALLB कक्षा र पद्मोदय क्याम्पस दाङको सहकार्यमा दाङमा B.Sc. कक्षा सञ्चालन।<br>४. उच्च शिक्षा छात्रवृत्ति १००८ जनालाई प्रदान गरिएको।<br>५. प्रदेश पुस्तकालयको DPR निर्माण। |
| ८३ | • शैक्षिक मापदण्ड निर्माण<br>• स्थानीय पाठ्यक्रम निर्माण<br>• उत्कृष्ठ शिक्षक तथा विद्यालय प्रोत्साहन<br>• प्राविधिक शिक्षालयहरुलाई सुदृढीकरण<br>• विज्ञान संचालित विद्यालय सुधार कार्यक्रम | १. विज्ञान सञ्चालित २८ वटा र २० वटा प्राविधिक विद्यालयहरुलाई गुणस्तर सुदृढीकरणमा सहयोग<br>२. ६ वटा विद्यालयका तथा सार्वजनिक पुस्तकालयहरुलाई सहयोग।<br>३. १३ वटा प्राविधिक विद्यालयमा व्यावसायिक संरचनाको निर्माण सम्पन्न। |
| ८४ | • कक्षा ११ र १२ मा मुक्त कमैया कम्लहरी मुस्लिम र दलित छात्रा छात्रबृत्ती<br>• मुस्लिम तथा सिमान्तिकृत छात्रा अनमी<br>• विज्ञान छात्राछात्रबृत्ति | १. मुक्त कमैया, कमलरी, मुस्लिम र दलित समुदायका कक्षा ११ र १२ मा अध्ययनरत १०९६ छात्राहरुले मासिक रु. १ हजारका दरले छात्रवृत्ति पाएका।<br>२. मुस्लिम तथा अल्पसंख्यक समुदायका अ.न.मी. तथा अ.हे.व. अध्ययन गर्ने ८ जना छात्राले छात्रवृत्ति प्राप्त।<br>३. कक्षा ११ र १२ मा सामुदायिक विद्यालयमा विज्ञान पढ्ने १०५७ छात्राहरुलाई मासिक रु.१००० का दरले छात्रवृत्ति प्रदान। |
| ८५ | नमुना विद्यालय निर्माण | १२ वटा सामुदायिक विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा छनोट गरी सुधारको प्रक्रिया सुरु गरिएको। |
| ८६ | | |
| ८७ | • महिला नेतृत्व विकास तालिम<br>• सहकारी संस्थालाई पुरस्कार | • १२ वटा सहकारी संस्थालाई पुरस्कार<br>• जनचेतना तथा अन्तरकृयाहरु |

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | • जनचेतना तथा अन्तरकृया<br>• घरेलु हिंसा विरुद्धको अभियान | • तालिममा सहभागी छनोट गरे पनि तालिम सञ्चालन गर्न नसकेको। |
| ८८ | • शिशु स्याहार केन्द्रको स्थापना<br>• बालहेल्पलाइन सञ्चालन<br>• सचेतना कार्यक्रमहरु | • प्रदेशस्तरीय बालभेला सञ्चालन<br>• बालदिवस लगायत ८ वटा दिवसीय कार्क्रमहरु सञ्चालन<br>• २ वटा बालगृहलाई सहयोग |
| ८९ | • अपाङ्ग,महिला, वालवालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक सचेतना<br>• साइवर अपराध सचेतना<br>• अपाङ्ग निर्मित सामग्री उद्योग | • ५० जना एकल महिलाहरुसँग अन्तरकृया<br>• आशा अपाङ्गकेन्द्रमा शौचालय निर्माण<br>• सी.बी.आर.कार्यक्रममा सहयोग<br>• साङ्केतिक भाषाको दोभाषे व्यवस्थापन<br>• अपाङ्ग निर्मित सामग्री बिक्री तथा प्रदर्शनी |
| ९० | • सुविधा सम्पन्न जेष्ठ नागरिक ग्राम तथा अपाङ्गता ग्राम निर्माण<br>• सिमान्तिकृत वर्ग संरक्षण तथा उत्थान कार्यक्रम | १. अपाङ्गता ग्राम तथा ज्येष्ठ नागरिक ग्रामको DPR तयारी भएको।<br>२. नटुवा र सोनाहा समुदायका २ जना व्यक्ति बालविकास शिक्षकमा नियुक्ति भएका। |
| ९१ | • खेलकुद परिषद स्थापना<br>• मुख्यमन्त्री रनिङ्ग शिल्ड प्रतियोगिता<br>• खेल तथा खेलाडी प्रोत्साहन<br>• खेलकुद संरचना निर्माण | १. सार्क तथा अन्य राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा उत्कृष्टता प्रदर्शन गर्ने ६१ जना खलाडि पुरस्कृत भएका।<br>२. प्रदेशका विभिन्न स्थानमा साझेदारीमा फुटवल, क्रिकेट, भलिवल र हप्किण्डो खेलका ५ वटा प्रतियोगिता सम्पन्न।<br>३. युवा सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन। लागू औषध दुर्व्यसन सचेतना कार्यक्रम २ जिल्लामा सञ्चालन। |
| ९२ | • नेत्रलाल अभागी रङ्गशाला र उजिरसिंह रङ्गशाला निर्माण<br>• रासी रङ्गशाला डीपीआर<br>• प्रदेश स्काउट गठन | १. दाङको नेत्रलाला अभागी रङ्गशाला र बुटवलको उजिरसिंह रङ्गशालाको DPR तयारी भएको।<br>२. १४ वटा खेलकुद संरचनाहरु निर्माण गरीए।(३ इन्डोर र ११ वटा आउटडोर)। |
| ९३ | • सीप विकास तालिम<br>• सचेतना तथा बेरोजगार तथ्याङ्क संकलन | • ५०० जनालाई सीप विकास तालिमको छनोट गरी २ हप्ता सम्म मात्र तालिम सञ्चालन |
| ९४ | • निशुल्क उपचार<br>• सामाजिक सेवा | • दाङमा निशुल्क स्वास्थ्य शिविर २८८ जनालाई सेवा<br>• ३४ वटा निशुल्क औषधी खरिद र वितरण |

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | | • २ लाख ६० हजार थान फोलिक एसिड खरिद र वितरण<br>• अस्पतालहरुमा प्रयोग शाला हरुको सुदृढीकरण,<br>• ३ वटा अअस्पतालहरुमा ओसीएमसी सेवा<br>• ९ वटा अस्पतालहरुमा सामाजिक सुरक्षा एकाई सञ्चालन। |
| ९५ | • प्रादेशिक अस्पतालहरुमा विशिष्टिकृत सेवा | • सिटी स्क्यान सेवा सुरु<br>• न्युरो र अर्थोको विशिष्टीकृत सेवा<br>• रासि प्रादेशिक अस्पतालमा पेडियाट्रिक बिशिष्टिकृत सेवा |
| ९६ | • ८४ वर्ष उमेर पुगेकालाई घरघरमा स्वास्थ्य सेवा<br>• प्रयोगशाला तथा वर्थिङ सेन्टरहरुको विस्तार | • ७८६५ जना जेष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा<br>• १६१ सेट वर्थिङ सेन्टरका समग्रीहरुको खरिद र वितरण |
| ९७ | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा सुधार<br>• योगहलहरु निर्माण | १. ९ हजार किलोग्राम १६ प्रकारका आयुर्वेदिक औषधिहरु उत्पादन र निशुल्क वितरण।<br>२. ३ वटा योगाभ्यास हलको निर्माण भईरहेको।<br>३. दाङमा भएको आयुर्वेदिक शिविरमा ८०० जनालाई सेवा |
| ९८ | • सबै जिल्लामा ब्लडबैंक सेवा | १. ब्लड बैंक सुदृढीकरणका लागि ७ वटा ब्लड बैंकहरुलाई पुँजीगत अनुदान।<br>२. रुकुम पूर्वमा जिल्ला स्तरीय अस्पतालको सञ्चालन र भवन निर्माणको काम सुरु हुदै।<br>३. ४४ वटा अक्सिजन कन्सन्टेटर खरिद र वितरण<br>४. १४ वटा अटोक्लेभ मसिन खरिद र वितरण |
| ९९ | • आँखा अस्पताल र सामुदायिक अस्पतालसँग सहकार्य | १. ४ वटा अस्पतालहरुलाई आखा सेवाको सवलीकरण तथा सहजीकरणका लागि प्रस्तावमा आधारित रहेर पुँजीगत अनुदान दिइएको।<br>२. २ वटा प्राकृतिक चिकित्सा अस्पतालहरुलाई पुजिगत सहयोग |

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १०० | • भिटामिन के वितरण कार्यक्रम | • नवजात शिशु स्वास्थ्य सम्बन्धि औषधी खरिद गरी वितरइ |
| १०१ | • भेन्टिलेटर सहितको एम्बुलेन्स सेवा<br>• एम्बुलेन्स टयाकिङ<br>• निशुल्क एम्बुलेन्स सेवा | • ७ वटा साधारण एम्बुलेन्स खरिद<br>• ६० वटा एम्बुलेन्सको टयाकिङ व्यवस्थापन भएको। |
| १६० | विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि आवश्यक कानुन तर्जुमा गरी प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठान स्थापना गरिनेछ। प्रतिष्ठानको भवन निर्माणका लागि रु ३ करोड विनियोजन गरेको छु। विज्ञान तथा प्रविधिको क्षेत्रमा आविष्कार, अध्ययन, अनुसन्धानमा संलग्न व्यक्ति तथा संस्थाको रोष्टर तयार गरी सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई जोड दिइनेछ। | १. विज्ञान प्रविधि प्रतिष्ठानको भवन निर्माणाधीन।<br>२. राष्ट्रिय युवा परिषदको सहकार्यमा बुटवलमा २०० जना युवाहरुको सहभागितामा २ दिने युवा वैज्ञानिक सम्मेलन सम्पन्न।<br>३. युवा वैज्ञानिक सम्मान।<br>४. प्रदेश एक्स्पोमा विज्ञान सम्बन्धी २ वटा स्टल राखी प्रदर्शनी। |

(स्रोतः.सामाजिक विकास.मन्त्रालय )

## ८.५ आ.व. २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | सामाजिक विकास मन्त्रालय | १५ | ९८१५४ | १३ | ९४.५ | ८८८३९ | ९०.५ |
| २ | एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु | ५२ | ५२२३६७ | २९ | ५६.७ | २४०२८९ | ४६.० |
| ३ | वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम | ३२ | ८७००० | १७ | ५२.५ | २८२७५ | ३२.५ |
| ४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | १९ | २४६११० | १७ | ९१.५ | १७५९६९ | ७१.५ |
| ५ | लैगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | २४ | ४८६५० | ११ | ४३.४ | ११९९० | २३.४ |
| ६ | श्रम तथा रोजगार कार्यक्रम | १०००० | ४१००० | १५८० | १५.८ | ४२२८ | १०.८ |
| ७ | भाषा | ४ | ४००० | ० | ०.० | ० | ०.० |
| ८ | युवा तथा खेलकुद कार्यक्रम | १४ | ७५१०० | ६ | ४०.८ | २०८७८ | २७.८ |
| ९ | उच्च शिक्षा कार्यक्रम | ६० | १८३४०० | ४७ | ९०.७ | १४२५०२ | ७७.७ |
| १० | सीप विकास तालिम | ५००० | १३८५६ | २७४५ | ५४.९ | ७६०७ | ५४.९ |
| ११ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | १३ | ५४३०९५ | ७.७ | ५९.१ | ३१०१०७ | ५७.१ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १२ | नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | ६० | १४६५०८ | ५६ | ९३.४ | १२६५८३ | ८६.४ |
| १३ | सामाजिक विकास मन्त्रालय (संघ सशर्त अनुदान), | १४०० | १६६८०९० | ११२४ | ८०.३ | १२७२७५३ | ७६.३ |
| १४ | शिक्षा निर्देशनालय | ३५ | २९९९६ | २१ | ५८.८ | १७३७७ | ५८.८ |
| १५ | स्वास्थ्य निर्देशनालय | २७ | २९४३९ | २० | ७५.४ | १९८४२ | ६७.४ |
| १६ | अस्पतालहरु | ३९ | ७४९५१० | ३५ | ८९.४ | ६२२५८६ | ८४.४ |
| १७ | स्वास्थ्य कार्यालयहरु | ७२ | १५३६४० | ६९ | ९५.८ | १३६४३२ | ८८.८ |
| १८ | आयुर्बेद चिकित्सालयहरु | २ | ४११०८ | २ | ९८.९ | ३६५४५ | ८८.९ |
| १९ | आयुर्वेद जिल्ला | ४४ | ५६३०८ | ४० | ९०.६ | ४९३२६ | ८७.६ |
| २० | स्वास्थ्य तालिम केन्द्र | ९०० | १८४४१ | ८५० | ९५.३ | १५८९ | ८६.३ |
| २१ | प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र | ७५ | १६८२६ | ५९ | ७९.२ | १२४२५ | ७४.२ |
| २२ | शिक्षा तालिम केन्द्र | १४००० | १८२.५६ | १०६३ | ७५.९ | ९५०६ | ६७.९ |
| २३ | जनस्वास्थ्य प्रयोगशाला | ५४ | १९०३७ | ४२ | ७७.५ | १३६११ | ७१.५ |
| | जम्मा | ३१९४१ | ४८०९८८७ | २६९५८ | ८४.४ | ३३७५५०० | ७०.२ |

(स्रोतः.सामाजिक विकास.मन्त्रालय )

## ८.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको आम्दानी | नतोकिएको | ५०००.०० | |
| २ | बेरुजु | नतोकिएको | १९२११४८८.९४ | |
| जम्मा | | | १९२१६४८८.८८ | |

(स्रोतः.सामाजिक विकास.मन्त्रालय )

## ८.७ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेशमा प्रदेशस्तरको प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना भईरहवा गहुँवालीको परिसरमा स्थापना गरिएको।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि बुटवलको तामनगरमा १ विगाहा जग्गा प्राप्ति गरिएको।
- कोभिड लक्षित मध्यम स्तरका ३ वटा प्रयोगशालाहरु विभिन्न अस्पतालहरुमा स्थापना गरिएको।
- लुम्बिनी प्रादेशिक अस्पतालको माष्टर प्लान तयारी र प्रदेशको गौरवको आयोजनामा समावेश गर्ने काम अगाडि वढाइएको।

- कोभिड १९ को उपचारका लागि दाङको बेलझुण्डी, बुटवलको धागो कारखाना, नेपालगञ्जको वीपी कोइराला प्रखर क्यान्सर अस्पताल र भीम अस्पताल भैरहवामा कोरोना विशेष अस्पताल स्थापना गरी कोरोना सङ्क्रमितहरुलाई सेवा पुर्याइएको।
- रुकुम, बर्दिया र भीम अस्पतालहरुको भौतिक पूर्वाधार निर्माणको लागि DPR तयारी र वहुवर्षे योजना सुनिश्चितता गरी काम अगाडि वढाइएको।
- ८ वटा अटोक्लेभ मेसिन खरिद गरी विभिन्न अस्पतालहरुलाई वितरण गरिएको।
- ४४ वटा अक्सिजन कन्सन्ट्रेटर खरिद गरी र विभिन्न अस्पतालहरुलाई वितरण गरिएको
- १६१ वटा वर्थिङ सेन्टरका लागि आवश्यक सामग्री खरिद गरी र विभिन्न स्थानमा वितरण गरिएको।
- ७ वटा ब्लड बैंक सुदृढीकरणका लागि अनुदान प्रदान गरिएको।
- ३ वटा योगाभ्यास हलहरुको निर्माण प्रारम्भ भएको।
- ओम शान्तिसँगको सहकार्यमा बुटवलमा राजयोग सभागृह निर्माणमा साझेदारी गरिएको।
- ४ वटा आँखा अस्पतालहरुको सेवा सुदृढीकरणका लागि प्रस्तावमा आधारित पुँजीगत अनुदान प्रदान गरिएको।
- रासि प्रादेशिक अस्पतालमा ICU सेवा सञ्चालनलाई व्यवस्थित गरिएको।
- ७ वटा अस्पताल र स्थानीय तहको लागि एम्बुलेन्स खरिद गरिएको।
- स्थानीय तहहरु मार्फत ३ वटा शव वाहन खरिद गरिएको।
- आयुर्वेद चिकित्सालयहरुमा पञ्चकर्म सञ्चालनका लागि १५ वटा स्टिम वाथ वक्स खरिद भएको।
- रु २ करोड ६० लाखको आइरन फोलिक एसिड खरिद गरी वितरण गरिएको।
- कोभिड लक्षित केएन ९५ मास्क ५८६५ थान, पीपीई सेट ७७८ थान, आईआर थर्मोमीटर ४५ थान, भीटीएम १७५३ थान खरिद भएको।
- कोरोना विशेष अस्पतालहरुमा आईसियु तथा भेन्टिलेटरहरुको व्यवस्था गरिएको।
- आयुर्वेद तर्फ त्रिकुट,जेष्ठीमधु,पुनरनव,वासा,निम चूर्ण ९६३ किलो, सतावरी, ज्वानो, अर्जुन र अमला चूर्ण ७२० किलो, हिङवस्तक, सितोपलादी र गुडुची चर्ण १८०० किलो , अश्वगन्धा, दशमूल, त्रिफला र अविपत्तिकर चुर्ण ५००० किलो बुटवल र दाङमा उत्पादन गरी वितरण गरिएको।
- १२२१ जना स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी आधारभूत तथा एडभान्स तालिम प्रदान गरिएको।
- प्रदेश विश्वविद्यालयको विधेयक तयारी र प्रदेश सभामा पेश भएको।
- लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा बुटवलमा २ वटा BALLB का कक्षाहरु सञ्चालन र पद्मोदय क्याम्पसको सहकार्यमा BSc कक्षा सञ्चालन।
- १८ वटा सामुदायिक क्याम्पसमा भवन,५ वटा छात्रावासहरु, १८ वटा शौचालयहरु , २७ वटा पर्खालहरु , ९८ वटा कक्षाकोठा मर्मत गरिएको।
- २६ वटा पुस्तकालयहरुमा व्यवस्थापन सहयोग गरिएको।
- ३६ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशाला निर्माण गरिएको।
- १२ वटा क्याम्पसहरुमा कम्प्युटर प्रयोगशाला निर्माण गरिएको।
- आय आर्जन तर्फ टनेल(तरकारी र च्याउ खेति) ११ विद्यालय, कुखुरा गाइ वंगुर गोठ ३ विद्यालय, माछापोखरी १ विद्यालय, १ विद्यालयमा पोखरीको संरक्षण गरिएको।
- ६४ वटा शैक्षिक संस्थाहरुमा उपकरण खरिद( कम्प्यूटर, फोटोकपी, अन्य....) खरिद गरिएको।
- छत ढलान ८ विद्यालय, ट्रस निर्माण २ विद्यालय, बस खरिद ३ वटा, चमेना गृह निर्माण १ वटा, फर्निचर १७ शैक्षिक संस्था,मा गरिएको।
- ११ वटा विषयहरुमा अनुसन्धान गरिएको।
- १२ वटा विद्यालयहरुलाई नमुना विद्यालय बनाउन थालिएको।

- २० प्राविधिक विद्यालय तथा २८ विज्ञान संचालित विद्यालयमा सहयोग गरिएको।
- ६ वटा नमुना बालविकास केन्द्रको निर्माण गरिएको।
- कान्ति मा.वि. बुटवलमा विज्ञान विद्यालय स्थापना २० करोड लगानीमा २।२ वटा विद्यालय भवन र छात्रावासको निर्माण सुरु भएको।
- शिक्षक तालिम प्राथमिक तह ५३५ जना, शिक्षक तालिम नि. मा. तह २९७ जना, शिक्षक तालिम मा. तह १६४ जना र प्रधानाध्यापक नेतृत्व विकास ६७ जनालाई दिइएको।
- छात्रवृत्तितर्फ मुस्लिम, सीमान्तकृत समुदायका छात्राहरुलाई छात्रावृत्ति ८ जनालाई , कक्षा ११ र १२ मा पढ्ने दलित, मुस्लिम छात्रा छात्रवृत्ति १०९६ जनालाई, कक्षा ११ र १२ मा विज्ञान पढ्ने छात्रा १०५७ जना र उच्च शिक्षा छात्रवृत्ति १००८ जनालाई प्रदान गरिएको।
- D P R निर्माण ( प्रदेश पुस्तकालय, विशेष विद्यालय सुस्तमनःस्थित स्रोतकक्षा), जेष्ठ नागरिक तथा अपाङ्गग्रामको D P R निर्माण सम्पन्न भएको।
- बालसुधार गृह भईरहवालाई ५० हजार व्यवस्थापन सहयोग दिइएको।
- नटुवा र सोनाह समुदायका २ जनालाई युवालाई बालविकास शिक्षकमा नियुक्ति दिइएको।
- १२ जिल्लमा नै CBR कार्यक्रम सञ्चालनमा सहयोग गरिएको।
- सडक मानवमुक्त प्रदेश वनाउन मानव वा आश्रम बुटवल र निलसागर बाँकेलाई सहयोग गरिएको।
- घरेलु हिंसा प्रभावित तथा पिडित महिलाहरुका लागि साझेदारीमा सीमा नजिक ३ वटा उद्दार, पुनस्थापना, राहत केन्द्र सञ्चालन गरिएको।
- ९ वटा दिवसीय कार्यक्रमहरु सञ्चालन गरिएको।
- एकल महिलाहरुको प्रदेशस्तरीय भेला, भालुवाङमा १ पटक सञ्चालन गरिएको।
- वालवालिकाहरुको प्रदेशस्तरीय वालभेला र प्रदेश स्तरीय सञ्जाल निर्माण गरिएको।
- प्रदेश स्तरीय अन्तरपार्टी महिला सञ्जालसँग अन्तरक्रिया ५० जनाको सहभागितामा सम्पन्न भएको
- वित्तीयसंस्थाहरुसँग सामाजिक उत्तरदायित्व सम्बन्धी ६० जनाको अन्तरक्रिया सम्पन्न गरिएको।
- साझेदारीमा ५ वटा प्रदेश स्तरीय खेलकूद सञ्चालनमा सहयोग गरिएको।
- २ स्थानमा लागुपदार्थ विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- ६१ जना उत्कृष्ट खेलाडीलाई प्रोत्साहन गरिएको।
- ११ वटा खेलमैदानहरु र ३ वटा कभर्डहलहरु निर्माण गरिएको।
- मन्त्रालयबाट हाल सम्म ३ वटा ऐन, २ वटा नियमावली, १३ वटा गठन आदेश, ७ वटा कार्यविधि, २४ वटा निर्देशिका/मार्गदर्शन/कार्यक्रम कार्यान्वयन निर्देशिका निर्माण भएका।

## ८.८ उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुऱ्याएको योगदान

- अस्पतालहरुको सुदृढीकरण, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, अन्य प्रयोगशालाको सुदृढीकरण तथा प्रादेशिक अस्पतालहरुको विशेषज्ञ सेवावाट जनस्वास्थ्यमा सुधार भई उत्पादनमा सहयोग पुगेको। प्रदेशका विभिन्न अस्पतालहरुमा ओपिडिमा ४०५६९३६ जनाले सेवा लिएका।
- प्रदेशमा ५८५८६ ब्लडस्लाइडहरु सङ्कलन भई परीक्षण भएको।
- संस्थागत सुत्केरी गराउने संख्या ८०५१० जना रहेको जसले मातृशिशु मृत्युदरमा कमी ल्याएको।
- अस्पतालहरुमा फोहर व्यवस्थापन, थप सेवाहरु, निर्माणका कार्यहरु सञ्चालन गर्दा थप रोजगारीका अवसरहरु प्रदान भएको।
- औषधी उपचारको लागि प्रदेश वाहिर जान कम गराउँदा सर्वसाधारणको खर्चमा वचत भएको, वचत रकमलाई आयआर्जनमा लगाउदा प्रदेशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने।
- प्रदेशमा उत्पादन भएका आयुर्वेदिक औषधीहरुले जडीबुटी उत्पादन, प्रशोधनका माध्यमबाट रोजगारी तथा अर्थआर्जन भएको।

- प्रदेशबाट नयाँ विषय पढ्न बाहिर जानु नपर्ने अवस्था सिर्जना गर्न खोजिएकोले खर्चमा मितव्ययिता तथा प्रदेश अर्थतन्त्रमा सकारात्मक असर पर्ने।
- प्रदेशको विकट क्षेत्रमा रहेका सामुदायिक क्याम्पस तथा सामुदायिक विद्यालयहरुको भौतिक तथा अन्य सुधारबाट गुणस्तरीय शिक्षको प्रत्याभुति हुने तथा प्रदेश बाहिर पढ्न जानु नपर्ने अवस्था आउने।
- विज्ञान, प्राविधिक शिक्षमा भएको लगानीबाट प्रदेशको लागि आवश्यक जनशक्ति पूर्ति हुने।
- विज्ञान, प्रविधि र नवप्रवर्धनका माध्यमबाट प्रतिष्पर्धी तथा बजारमा सजिलै उच्च मुल्यमा रोजगारी प्राप्त हुने अवसरहरु।
- खेलमैदान, खेलाडी प्रोत्साहन तथा खेल प्रतिष्पर्धाका माध्यमबाट अनुशासित, लगनशील, स्वस्थ नागरिक उत्पादन हुने तथा खेल पर्यटनको विकास गर्न सकिने।
- सडक मानवमुक्त प्रदेश निर्माण गर्ने प्रयासबाट सामाजिक न्यायका कामहरु सम्पादन हुनुका साथै नागरिकहरुमा सेवा गर्ने बानीको विकास हुने जसले प्रदेशको अर्थतन्त्रमा मद्धत पुराउन सक्दछ।
- अधिकारवादी जनचेतनाहरुले कोही पनि थिचोमिचोमा नरही सम्मानपूर्वक जिउन पाने वातवरण सिर्जना हुदा प्रदेशको उत्पादकत्व वढ्ने।
- समयानुकुल सीपहरुका तालिमहरुले सीपयुक्त, स्वरोजगार नागरिकको विकास भई प्रदेशको आयस्तरमा वृद्धि हुने।

## ८.९ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- प्रदेश रङ्गशालाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङ्कन गर्न प्राविधिक समस्याहरु देखिएको
- प्रदेश विश्वविद्यालय स्थापनामा स्थापनाको मोडालिटीमा बढी समय लाग्दा समयमा नै विधेयक प्रस्तुत हुन नसकेको।
- समूहमा गर्नुपर्ने कार्यक्रमहरु कोभिड १९ का कारणले गर्न नसकिएको।
- संघले अधिकार क्षेत्र तथा ऐनहरु नवनाउँदा शिक्षा, श्रम तथा रोजगारमा प्रदेशको नीति तथा कार्यदिशा निर्धारण गर्न कठिनाई भएको।
- प्राविधिक जनशक्तिको अभाव, भौतिक पुर्वाधार मन्त्रालयबाट हुने भनिएका कार्यक्रमहरुमा प्रगति शुन्य भएको।
- डिभिजन कार्यालयमा कर्मचारी जनशक्ति नभएको।

## ८.१० समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- प्रदेश रङ्गशालाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङ्कन गर्न प्रदेश ऐन तथा नियमावली तत्काल वन्नु पर्ने।
- प्रदेश विश्वविद्यालय स्थापनाको लागि पेश भएको विधेयक छिटो पास हुनु पर्ने र जग्गाको व्यवस्था हुनु पर्ने।
- कोभिड १९ सँगै जिउन, हिंड्न र बाँच्ने कला सिक्नु पर्ने।
- संघले अधिकार क्षेत्र तथा ऐनहरु तुरुन्त बनाई र प्रष्ट कामहरुको जिम्मेवारी तोक्नु पर्ने।
- प्राविधिक जनशक्तिको व्यस्थापन हुनुपर्ने।
- थप जनशक्तिको व्यवस्था गर्नुपर्ने।

# परिच्छेद-९

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ९.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १२९९६३६ | ८९७५९३.७३ | ६९.०७ |
| पुँजीगत | १५३२८५५ | ११०५७२८.१७ | ७२.१४ |
| जम्मा | २८३२४९१ | २००३३२१.९० | ७०.७३ |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

### ९.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | २३७३०६७ | १६७०४५८.०३ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ४२५४२४ | २९९९०१.८७ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ३४००० | ३२९६२ |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | | |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

### ९.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६१ | प्रदेश भित्र रहेका औद्योगिक क्षेत्रहरुलाई प्रदेशको मातहतमा ल्याई उद्योग क्षेत्रलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनुका साथै औद्योगिक करिडोर बन्न सक्ने क्षेत्रहरुको पहिचान गरी थप उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। | नवलपरासी, कपिलवस्तु र बर्दिया जिल्लामा औद्योगिक करिडोरको विस्तृत संभाव्यता अध्ययनको कार्य सम्पन्न। |
| ६२ | उद्यम विकास कोष स्थापना गरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरु मार्फत युवाहरुलाई स्वरोजगारका लागि प्रोत्साहित गरिनेछ। | उद्यम विकास कोष नियमावली तयारी भई स्वीकृत भएको। |
| ६३ | एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापनाको कार्यक्रम सञ्चालन गरिनेछ। | औद्योगिक ग्राम स्थापना गर्नको लागि प्युठान जिल्लामा प्रारम्भिक संभाव्यता अध्ययन सम्पन्न भएको र १० जिल्लामा १/१वटा औद्योगिक ग्रामको डि.पि.आर. |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | को कार्य सम्पन्न भएको। |
| ६४ | गुणस्तरीय वस्तुको आपूर्ति सुनिश्चित गर्न गुणस्तर परीक्षण र नियमित अनुगमनमा जोड दिइनेछ। उपभोक्ताको हकहित संरक्षणका लागि जागरण अभियान सञ्चालन गरिनेछ। उपभोग्य वस्तुहरुको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गरिनेछ। कालोवजारी, सिन्डिकेट र कार्टेलिङलाई कडाईका साथ नियमन गरिनेछ। वस्तु तथा सेवाको गुणस्तर र उपभोक्ता हित सम्बन्धमा व्यवसायीहरुलाई अभिमुखीकरण गरिनेछ। | १२ जिल्लामा ७४ पटक १६७५ वटा पसल अनुगमन गरी आवश्यक कारबाही गरिएको। रु. ५,३२,३००/- बराबरको अवैध सामान नष्ट गरिएको।<br>१२ वटै जिल्लामा उपभोक्ता जागरण अभियान सम्पन्न भएको।<br>खाद्य वस्तुको प्रयोगशाला बहुवर्षीय ठेक्का भई निर्माणको क्रममा रहेको। |
| ६५ | उपयुक्त स्थान पहिचान गरी खानीजन्य निर्माण सामग्री उत्खनन तथा उपयोग गर्ने नीति लिई नेछ। | प्रदेशको खानी तथा खनिजजन्य पदार्थ सम्बन्धी विस्तृत अध्ययनको कार्य सम्पन्न भएको। |
| ६६ | प्रदेशभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक एवम् अन्य पर्यटकीय स्थलहरुको पहिचान गरी रोष्टर तयार गरिनेछ। ती स्थलहरुको विकासका लागि गुरुयोजना तयार गरिनेछ। बाँकि जिल्लामा तयार गर्न लागिएको मानसरोवरको आकृति सहितको बहुउद्देश्यीय पार्क आगामी ३ वर्षभित्र निर्माण सम्पन्न गरिनेछ। | प्रदेश भित्रको ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थलहरुको अभिलेखीकरणको कार्य सम्पन्न भएको, मानसरोवर सहितको पार्क निर्माण गर्ने कार्य हाल सम्म डि.पि.आर. बमोजिमको ५० प्रतिशत काम सम्पन्न भई आ.व. ०७७/७८ मा कार्यक्रम सम्पन्न गर्ने गरी कार्य भईरहेको छ। |
| ६७ | रुकुम पूर्वमा रहेका तातोपानीका मुहानहरु संरक्षण गरी स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ। लुम्बिनी भ्रमण वर्षलाई प्रभावकारी वनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। लुम्बिनी विकास कोषसँगको सहकार्यमा लुम्बिनी क्षेत्रमा फलफूलका बिरुवा रोपी थप हरियाली र सौन्दर्यता प्रवर्द्धन गरिनेछ। बुद्ध सर्किटमा तिव्रताका साथ भौतिक तथा अन्य पूर्वाधार विकास गरिनेछ। निजी लगानी आकर्षित गरी स्वर्गद्वारीमा केवुलकार निर्माणमा जोड दिइनेछ। | लुम्बिनी भ्रमण वर्ष २०७६को अधिकांश कार्यक्रम सम्पन्न भई लुम्बिनीको आन्तरिक र बाह्यस्तरमा प्रचार प्रसारको काम गरिएको। यस अवधिका लुम्बिनी लगायतका बुद्धसर्किटमा आन्तरिक र बाह्य पर्यटकको आगमनमा वृद्धि भएको देखिन्छ। केही अन्य कार्यक्रमहरु लकडाउनको कारणले स्थगित गर्नु परेको। पूर्वी रुकुममा डिमुर गैरा, रल र सिस्ने गरी तीन ठाउँमा तातोपानी मुहान संरक्षणको काम भएको। लुम्बिनीमा विभिन्न अवसरमा फलफूलको बिरुवा रोपणको कार्य सम्पन्न भएको। बुद्ध सर्किट अन्तर्गत कपिलवस्तुको गोटिहवामा क्रकुच्छन्द बुद्ध |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | र निग्लिहवामा कनकमुनी बुद्धको प्रतिमा बनाउने कामको सम्झौता भई वगैचा निर्माण तथा बुद्धको प्रतिमा (मुर्ति) निर्माणको कार्य अघि वढेको। |
| ४० | ४० | स्वस्थ बिरुवा उत्पादन गरी व्यावसायीकरणमा टेवापुर्याउनका लागि टिस्यू कल्चर प्लान्टको स्थापना तथा सुदृढीकरण गरिनेछ।यसको सञ्चालनमा निजी तथा सहकारीलाई प्रोत्साहन गरिनेछ। | दाङको घोराही उ.म.न.पा मा जग्गा प्राप्ति प्रकृया सम्पन्न भएको र आ.व. २०७७।७८ मा निर्माणको कार्य अगाडि वढ्ने। |
| ३४,३५ | ४१ | खाद्यान्न तथा तरकारी बालीहरुको गुणस्तरीय बीउ उत्पादन,सुरक्षित भण्डारण र यसको प्रयोगमा वृद्धि गरिनेछ। नागरिकको खाद्य सुरक्षाको हकलाई सम्बोधन गर्न खाद्यभण्डारणस्थल र बीउ बिजनको संरक्षणका लागि आवश्यक बीउ भण्डारण गृह स्थापनामा सहयोग गरिनेछ। | खाद्य संस्थान, कम्पनी तथा सहकारी वजारका बीउ भण्डारका गोदामहरुलाई सवलिकरण गर्ने गरी योजना वनाइएको। स्थानीय तहहरुमा बीउ भण्डार गृह स्थापनामा सहयोग गर्ने गरी बजेट विनियोजन गरिएको। |
| ३५ | ४२ | कृषि क्षेत्रको औद्योगिकीकरणका लागि बाली, वस्तु तथा क्षेत्रविशेष मूल्य श्रृङ्खलामा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापना र सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने नीति लिई नेछ। यसका लागि कस्टम हायरिङ सेन्टरहरु स्थापना तथा सञ्चालनमा प्रोत्साहन गरिनेछ। उत्पादनमूलक कृषिभूमिको समुचित प्रयोग गरी स्थानीय स्तरमै रोजगार सिर्जना | गत आ.व. २०७५।७६ मा स्थापना भएका संकलन केन्द्रलाई व्यवस्थित सञ्चालनको अनुगमन तथा तालिम प्रदान गरिएको।<br>च्याउ खेतीको विस्तार तथा प्रवर्द्धनका लागि १ वटा च्याउ कृषक समुहलाई सहयोग गरिएको।<br>कृषिकर्मी रोजगारी कार्यक्रमको कार्यविधि स्वीकृत भईसकेको |

| बजेट वक्तव्य बुँदा नं | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | गर्नका लागि कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन गरिनेछ। कृषि उपज संकलन केन्द्रहरु निर्माणमा किसानहरुलाई सहयोग पुर्याइनेछ। | अवस्थामा आ.व. २०७७।७८ देखि प्राथमिकताका साथ सञ्चालन गरिने। |
| ४४ | ४३ | माछाको उत्पादन र उपभोग वृद्धिका लागि भुरा उत्पादन,पोखरी विस्तार, दाना उद्योग सञ्चालन र माछा बीमा तथावजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यक प्राविधिक अध्ययन गरी पहाडी जिल्लामा ट्राउट तथा असला माछाको उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। वजारीकरणका लागि स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा आगामी वर्षकम्तीमा तीन स्थानमा माछा महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ। | चिसो पानीमा मत्स्यपालन कार्यक्रम सञ्चालनका लागि अर्घाखाँची, गुल्मी र पुर्वी रुकुममा उपयुक्त स्थानको छनोट भएको। आ.व. २०७६/७७ मा बाँके, रुपन्देही, दाङ र पाल्पा जिल्लाको ११ हे. क्षेत्रफलमा वार्षिक करिव ३० मे. टन<br>अपेक्षित उत्पादन हुने गरी ५४ वटा नयाँ माछा पोखरी निर्माण भएका।सियारी गा.पा.मा भएको माछा महोत्सवमा मन्त्रालयले आर्थिक सहभागिता जनाएको। |
| ४७ | ४४ | पोषण तथा खाद्य सुरक्षामा कमजोर देखिएका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा वहुपक्षीय पोषण योजना अनुरुप सरोकारवालासँगको सहकार्यमा कार्यक्रम विस्तार गरिनेछ। खाद्य संस्कृतिको विकासका साथै रैथाने तथा स्थानीय बालिनालीहरुको संरक्षण, संवद्र्धन र प्रयोगका लागि स्थानीय तहसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या न्यूनीकरणका लागि दूध, अण्डा र मासुको उपलब्धता तथा पहुँच वढाउँदै लगिनेछ। | प्रदेशका विभिन्न जिल्लाहरुमा गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत ३४ वटा विपन्न समुहलाई कुखुरा तथा ८ वटा समुहलाई वङ्गुर वितरण गरिएको। विश्व दूध दिवस तथा अण्डा दिवसमा विभिन्न जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिएको। साथै मत्स्य सम्बन्धि जनचेतनाका लागि विभिन्न स्थानमा होर्डिङ्ग बोर्ड राखिएको। |
| ३६ | ४५ | कृषि पेशालाई सम्मानजनक बनाई यस पेशाप्रति आकर्षण जगाउने उद्देश्यले उत्कृष्ट कृषकहरुलाई प्रादेशिक पुरस्कार र सहुलियतको व्यवस्था गरिनेछ। **"गरौं व्यावसायिक कृषि, यसैबाट शुरुहुन्छ प्रदेशको समृद्धि"** भन्ने नाराका साथ कृषिलाई व्यावसायीकरण गर्न युवाहरुलाई परिचालन गरी युवा कृषि कार्यक्रम | सहकारी मार्फत युवा।महिला उधमशिलता सहयोग कार्यक्रमको निवेदनहरुको प्रारम्भिक मुल्याङ्कन भई फिल्ड प्रमाणिकरणको प्रकृयामा रहेको। कोविड-१९ को माहामारीका कारण बिदेश वसेर फर्केका युवाहरुलाई कृषि कार्यमा सहयोग गर्नका लागि कार्यक्रम तर्जुमा |

| बजेट वक्तव्य बुँदा नं | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | सञ्चालन गरिनेछ। यसलाई कृषि विषयमा उच्चशिक्षा हासिल गरेका र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीप र दक्षतासँग आवद्ध गरिनेछ। | गरिएको। |
| ४६ | ४६ | रासायनिक मल तथा विषादीहरुको उचित व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। जैविक तथा वनस्पातिक विषादी उत्पादनका लागि उद्योग स्थापना र प्राङगारिक मल उत्पादनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम मार्फत भर्मिकम्पोष्ट उत्पादनका १ वटा कृषि फर्मलाई सहयोग गरिएको। |
| ४४ | ४७ | कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुँच वृद्धिका लागि संस्थागत व्यवस्था गरिनेछ। प्रत्येक स्थानीय तहमा एक कृषि तथा पशुपंक्षी प्रयोगशाला स्थापनाको नीति लिइनेछ। यी प्रयोगशाला रैथाने बाली तथा पशुपंक्षीको संरक्षण र आधुनिकीकरण, माटो परीक्षण, कृषि तथा पशुपंक्षीजन्य रोग तथा महामारीको अनुसन्धान तथा नियन्त्रण र स्थानीय उत्पादनको प्रमाणीकरण केन्द्रको रुपमा विकास हुनेछन्। कृषिसम्बन्धी आधुनिक ज्ञान हस्तान्तरणका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि क्याम्पससँग समन्वय गरी स्नातक र स्नातकोत्तर अध्ययनरत विद्यार्थी परिचालनको नीति लिइनेछ। | प्रत्येक स्थानीय तहमा एक कृषि तथा पशुपंक्षी प्रयोगशाला स्थापनाको नीति अनुरुप शशर्त अनुदानका रुपमा केही स्थानीय तहहरुमा बजेट प्रवाह भएको। कृषि तथा वन विज्ञान विश्वविध्यालयसँगको सहकार्य तथा समन्वयमा स्नातकोत्तर रिसर्चका लागि बिधार्थी परिचालनको प्रकृया अगाडि वढिरहेको। |
| ३९ | ४८ | भौगोलिक विशेषता अनुरुप फलफूल तथा पुष्प व्यवसायको उत्पादन र वजारीकरण प्रवद्र्धन गरिनेछ। तराईका जिल्लामा आँप, मेवा, अनार र केरा तथा पहाड र हिमाली जिल्लामा सुन्तला र स्याउको व्यावसायिक उत्पादन गर्न प्रोत्साहन गरिनेछ। फलफूल खाऔं, स्वस्थ रहौं भन्ने नाराका साथ फलफूलको उत्पादन र उपभोगलाई वढावा दिइनेछ। | फलफुल रोपण कार्यक्रमलाई अभियानकै रुपमा अगाडि वढाउदै करिव २६०० रोपनीमा क्षेत्रफल विस्तार गरी ३५०० लाभन्वित हुने गरी कार्यक्रम सञ्चालन गरिएको। स्थानीय तहसँगको सहकार्यमा बाँझो जग्गालाई खेति योग्य बनाई यस कार्यक्रमलाई थप विस्तार गर्ने तयारी भईरहेको। |
| ४६ | ४९ | निजी तथा सहकारी संस्थाहरुलाई | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमको |

| बजेट वक्तव्य बुँदा नं | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | प्रोत्साहन गर्दै प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवम् उत्पादन र ब्रान्डिङ् गरी वजारीकरणलाई सहज वनाइनेछ। कृषि तथा पशुपंक्षीजन्य रोग, किरा र महामारी नियन्त्रणका लागि आवश्यक पूर्व तयारी गरिनेछ। कुनै क्षेत्रलाई प्रांगारिक पकेट क्षेत्र तोकी कार्यक्रम सञ्चालन गरिनेछ। | कार्यविधि स्वीकृत भई कार्यक्रम सञ्चालनको प्रकृयामा रहेको।<br>पूर्वि रुकुमलाई प्राङ्गारिक कृषिमा रुपान्तरण गर्ने तयारी भईरहेको। |
| ३७,३८ | ५० | जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै चालु आर्थिक वर्षदेखि सञ्चालनमा आएको करार खेती कार्यक्रमलाई परिमार्जन सहित विस्तार गरिनेछ। स्थानीय वनसँगको समन्वय र सहकार्यमा सम्भावनाका आधारमा बालीहरुको छनोट गरी नगदे बालीहरुको उत्पादनमार्फत उनीहरुको आय आर्जनमा टेवा पुर्याउन कृषि वन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। | आ.व. २०७६।७७ मा भुमिहिन किसानका लागि करार खेती कार्यक्रम मार्फत आफ्नो जग्गा नभएका ५२ जना कृषक तथा समुहरुले जग्गा भाडामा लिई कुल २२७ हेक्टर खेती गरीरहेको र स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रममा ७२ जना अनुदानग्राही छनोट भई कुल २२४ हेक्टरमा खेती हुने गरी जम्मा ४५१ हेक्टरमा सम्झौता भएको। |
| | ५१ | ग्रामीण पशु प्रवर्द्धनका लागि तरल नाईट्रोजन प्लान्ट सहितको आधुनिक प्रजनन केन्द्र र समुदायमा आधारित प्रजनन् केन्द्रहरु स्थापना गर्न सहयोग गरिनेछ। पशुआहार सुधारका लागि उन्नत प्रविधिको अवलम्बन गरिनेछ। | संघिय सरकार अन्तर्गतको कार्यालयबाट उत्पादन भईरहेकोले हाललाई आवश्यक नपरेको। |
| ३१ | ५२ | उच्च मूल्यको निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापनाका साथै मिटमार्ट तथा पशुवधशाला निर्माणमा सहयोग पुऱ्याइनेछ। पशुपंछी पालनबाट ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ। | बुटवल, घोराही र कोहलपुरमा आधुनिक वधशाला स्थापना गर्ने गरी तयारी अघि वढेको। बुटवलमा ठेक्का प्रकृया सम्पन्न भई उद्धाटन भएको। |
| ४२ | ५३ | उत्पादित कृषि वस्तुहरुको उचित व्यवस्थापन, भण्डारण र वजारीकरणका लागि आवश्यकताका आधारमा विभिन्न क्षमता र संख्याका शीत भण्डार थप गर्नुका साथै विभिन्न स्थानमा खाद्य | शित भण्डार स्थापनाका ७ वटा आयोजनाहरु सम्पन्न भई ५२५ मे.टनको कृषि वस्तुहरुको भण्डारणको क्षमता बृद्धि भएको।<br>खाध्यान्न गोदाम र वजारीकरणका |

| बजेट वक्तव्य बुँदा नं | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | गोदामका लागि स्थानीय तह, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। | लागि सहकारी वजार मार्फत प्रवर्द्धन गरिएको। |
| ३१ | ५४ | उत्पादनको सिजनमा सस्तो मूल्यमा बिक्री गरी उपभोगका वखत महंगो मूल्यमा खरीद गर्नुपर्ने व्यवस्थाको अन्त्य गर्न धान, गहुँ मकै लगायत प्रमुख बालीहरुको न्यूनतम आधारमूल्य तोकी सम्बन्धित निकायसँग सहकार्य गरी कृषि उत्पादन खरीदको सुनिश्चितता गरिनेछ। प्राकृतिक प्रकोप लगायत अन्य कारणबाट हुने बालीनालीको क्षतिपूर्तिका लागि कृषि बीमा कार्यक्रम सञ्चालन गरिनेछ। | संघिय सरकारबाट न्यूनतम मुल्य तोकिएअनुसार कार्यान्वयनका लागि आवश्यक पहल गर्न खाध संस्थान र कम्पनीहरुसँग समन्वय भईरहेको। कृषि बिमा कार्यमा सहजीकरण गरिएको। |
| ३४ | ५५ | आ.व. २०७५/७६ देखि प्रत्येक निर्वाचन क्षेत्रमा संचालित प्रदेश स्मार्ट कृषि गाउँ कार्यक्रमलाई विस्तार गर्दै प्रत्येक पालिकास्तरसम्म पुऱ्याउने नीति अवलम्बन गरिनेछ। कृषि प्रविधि प्रसार प्रणालीलाई सवल र प्रभावकारी वनाउन कृषि अध्ययनरत विद्यार्थी, विज्ञ तथा वैज्ञानिकमार्फत अनुसन्धान गर्नका लागि विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय गरिनेछ। | कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर (AFU), कृषि क्याम्पस पक्लिहवा तथा नेपाल कृषि अनुसन्धान परिषद (NARC) सँग समझदारी पत्र (MOU) मा हस्ताक्षर भई स्मार्ट कृषि गाँउहरुमा शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत गरी लैजानको लागि आधार तयार भएको। फलस्वरुप कृषि तथा वन विश्विवद्यालबाट स्मार्ट कृषि गांउमा MSc. Ag. Thesis Research को लागि १० अनुसन्धान कार्य स्विकृत गरिएको र पक्लिहवा कृषि क्याम्पसबाट BSc. Ag Project work को लागि ५५ विद्यार्थी छनोट गरी परिचालन गरिएको। विद्यार्थी परिचालनको लागि आवश्यक अभिमुखीकरण गोष्ठी सम्पन्न भएको। |
| ४३,४८ | ५६ | विशेष सम्भावना भएका कृषि बाली र तुरुन्तै आम्दानी लिन सकिने लसुन, प्याज, मुसुरो जस्ता नगदेबालीमा उत्पादनदेखि वजारीकरण सम्मका मिसन कार्यक्रम सञ्चालन गरिनेछ। साथै, कृषि तथा पशुपंक्षीको व्यावसायीकरणका लागि स्थानीय तहसँगको समन्वय र निजी तथा | धेरै जिल्लाहरुमा कार्यक्रम सञ्चालनका लागि क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नका लागि सम्झौता भएको तर कोविड-१९ का कारण कार्यसम्पन्न हुन नसकेको। गुल्मी जिल्लामा कुल ४०८० रोपनी क्षेत्रफल जम्मा ४१०० लाभान्वित |

| बजेट वक्तव्य बुँदा नं | नीति कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | सहकारी क्षेत्रसँगको साझेदारीमा स्रोत केन्द्र र एक पालिका एक फर्म स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। | हुने गरी कागती तथा फलफुल वितरण गरेको। |
| ३२ | ५७ | कृषि तथा पशुपंक्षी व्यवसायमा आकर्षणका लागि कृषि सहकारीहरुलाई परिचालन गरी कृषि बीमा तथा सुलभ कर्जा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि बैंक र बीमा कम्पनीहरुसँग सहकार्य गरिनेछ। | वाणिज्य बैंकहरुसँगको सहकार्यमा सञ्चालन हुने यस कार्यक्रमको सुचना प्रकाशन गरी सहजकर्ता छनोटको तयारी भईरहेको। |
| ४६ | ५८ | सहकारीमार्फत कृषकहरुको क्षमता वृद्धि गरी सेवाको माग गर्ने, योजना तयार पार्ने, वजारीकरण गर्न सक्षम वनाइनेछ। साना सहकारीहरुको क्षमता बढाउन मर्जरको नीतिमा समेत जोड दिइनेछ। सहकारीहरुको क्षमता विकास र उत्पादनमा लाग्न सहयोग गर्ने उद्देश्यले सहकारी विकास कोष स्थापना गरी व्यवस्थित ढंगले सञ्चालन गरिनेछ। | मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा १५ कठ्ठा रकम हस्तान्तरण गरेको। कार्यविधि मन्त्रीपरिषदबाट पारित हुने क्रममा रहेको। |
| ५१ | ५९ | सहकारी क्षेत्रको पूँजीलाई घरेलु तथा साना उद्योग, कृषिजन्य उत्पादन, पशुपंन्छी विकास, फलफूल उत्पादन जस्ता क्षेत्रमा प्राथमिकताका साथ परिचालन गरी रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै उद्यमशीलताका माध्यमबाट गरीबी निवारणमा टेवा पुर्‍याउने नीतिलाई निरन्तरता दिइनेछ। | आ.व. २०७६।७७ मा सम्झौता भई कार्यक्रम सञ्चालन गरेका ३ मध्ये १ वटा सहकारी वजारको भुक्तानी भएको भने बाँकि २ को ८०% काम सम्पन्न भएको। महिला सहकारी मार्फत उधमशिलता कार्यक्रममा १३ वटा सहकारी छनोट भएको, सहकारी मार्फत युवा उद्यमशिलता कार्यक्रममा युवा उधमीको १७ वटा सहकारीका ४२ उधमि छनोट भएका। |
| | ६० | सूचना प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरमा भू-अभिलेख केन्द्रको स्थापना गरी भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइनेछ। संघीय कानुन अनुसार भूमिको व्यवस्थापन र अव्यवस्थित बसोबासलाई व्यवस्थित गरिनेछ। | सुरक्षित आवासको व्यवस्थापन सम्बन्धमा बाँके जिल्लाको चिडिमार समुदायमा ५२ वटा आवाश निर्माण कार्य शुरुवात गरिएको। अन्य कार्यक्रमहरु संघिय सरकारबाट अधिकार प्राप्त नभएको। |

## १०.४ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (कार्यक्रम बजेटमात्र समावेश)

(रु. हजारमा)

| क्र. सं. | मुख्य कार्यक्रमहरु | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण (पटक) | बजेट विनियोजन | परिमाण (पटक) | परिमाण % (भौतिक प्रगति) | बजेट खर्च | बजेट खर्च % |
| १ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | १ | ७७९,५४० | १ | ७३.८६ | ४३७,४५१ | ५६.१२ |
| २ | स्मार्ट कृषि गाँउ कार्यक्रम | १ | २५२,९०० | १ | ७७.९५ | १५४,६९१ | ६१.१७ |
| ३ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | १ | ६५,६५० | १ | २१.८१ | १३,७९५ | २१.०१ |
| ४ | भुमि तथा गुठी व्यवस्थापन कार्यक्रम | १ | ५९,१०० | १ | ५७.२३ | २४,१८८ | ४०.९३ |
| ५ | सहकारी विकास तथा गरीबी निवारण कार्यक्रम | १ | २३३,५५० | १ | ८८.३१ | १६४,३४७ | ७०.३७ |
| ६ | अभियानमुखी (मिसन) कृषि तथा पशुपन्छी विकास कार्यक्रम | १ | २३३,९५० | १ | ३३.०१ | २१,३०६ | ९.११ |
| ७ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार | १ | १०५,९६५ | १ | ५६.७० | ३६,४०८ | ३४.३६ |
| ८ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास | १ | ४१४,७९० | १ | ६८.६ | १०८,४५२ | २६.१५ |
| ९ | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | १ | ७२,६०० | १ | ५५.८४ | १,४१३ | १.९५ |
| १० | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | १ | ४९,९४८ | १ | ५८.६८ | १८,५९१ | ३७.२२ |
| ११ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | १ | ४४,२८२ | १ | ३५.४२ | १३,५६७ | ३०.६४ |
| १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (संघ शसर्त), | १ | ७४९,१०० | १ | ५२.८४ | ३०८,३१७ | ४१.१६ |

## १०.५ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलनको विवरण

(रु. हजारमा)

| सि.नं. | कार्यालयको नाम | राजश्व आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १४० | मन्त्रालय तथा मातहतका कार्यालयहरुमा राजश्वको लक्ष्य तोकिएको नहुने |
| २ | कुखुरा विकास फार्म खजुरा वाँके | १०४८३ | |
| ३ | मत्स्य विकास केन्द्र शम्शेरगञ्ज वाँके | १९७५ | |
| ४ | पशुपञ्छी तथा मत्स्य विकास निर्देशनालय र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ११५७ | |
| ५ | कृषि विकास निर्देशनालय र ज्ञान केन्द्रहरु | १८४० | |
| जम्मा | | १५५९६ | |

## १०.६ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- प्रदेश सरकारको नीति तथा कार्यक्रम र संविधान अनुरुपको कार्य विस्तृतीकरण अनुसारको कार्य सम्पादन गर्न आ. व. ०७६/७७ मा १ सहकारी नियमावली र ४२ कार्यविधि गरी जम्मा ४३ वटा दस्तावेज निर्माण गरिएको छ।
- कृषि, पशुपंछी, मत्स्य, सहकारी, भूमि, गुठी र गरीबी निवारणका कार्यक्रमहरु सञ्चालन गर्न मन्त्रालय र मातहत गरी २६ वटा कार्यालयहरु स्थापना गरी सेवा प्रवाह गरीरहेकोमा थप चुस्त र दुरुस्त पार्नको लागि आ.व. २०७७।७८ बाट सञ्चालन हुनेगरी ३ वटा नयाँ कार्यालयको स्थापना भएको छ।
- स्मार्ट कृषि गाउँ कार्यक्रमलाई मन्त्रालयकै गौरवको आयोजनाका रुपमा लिई हालसम्म करीब ६००० घरधुरी समेटी ७५ वटा गाउँहरुमा एकीकृत मोडल सहितको कार्यक्रम शुरु गरिएको छ। आगामी आ.व. मा प्रदेशका सबै स्थानीय तहहरुमा सञ्चालन हुने गरी आधार तय गरिएको छ।
- विश्वव्यापी महामारीको कारण सृजित बन्दाबन्दीले निम्त्यायको विषम परिस्थितिमा कृषकहरुको नाश हुने दूध तथा तरकारी उपजहरुलाई वजार पहुँचका लागि सहजीकरण गर्न जम्मा ३४ वटा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरी करिव २९ करोड बराबरको कृषिजन्य वस्तुको कारोवार भएको छ।
- प्रदेश भित्रको उत्पादनलाई वजारसम्मको पहुँच तथा उत्पादक र उपभोक्ता बीचको मूल्य कम गर्ने उद्देश्यले यस वर्ष ३ वटा जिल्लाविशेष सहकारी वजार स्थापना कार्य सुरु गरिएको छ। यससँगै ०७७।७८ मा १२ वटै जिल्लामा सहकारी वजार स्थापना कार्य सम्पन्न हुनेछन।
- अनुदान वितरण प्रकृयालाई परिष्कृत गरी सुरुवात गरिएको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत दूध र मासु उत्पादनतर्फ ३६७ तथा आलु तथा बीउ उत्पादनतर्फ २७३ सहकारीका ५८०८४ कृषक लाभान्वित हुने गरी ७ करोड ६८ लाख अनुदान रकम प्रवाह भएको छ।

## १०.७ उल्लेखित कार्यक्रमहरुले अर्थतन्त्रमा पुऱ्याएको योगदान

### १०.७.१ प्रदेशका लागि प्रमुख कार्य सम्पादन सूचकहरु (प्रभाव र असर तह)

| सूचक | एकाई | प्रतिवेदन अवधि | २०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | २०७६/७७ को स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| धानको उत्पादकत्व | मे.टन. (हेक्टर) | वार्षिक | ३.६ | ४.५ | ३.८ | |
| मकैको उत्पादकत्व | मे.टन. (हेक्टर) | वार्षिक | २.४ | ४.० | २.५ | |
| गहूँको उत्पादकत्व | मे.टन. (हेक्टर) | वार्षिक | ३.२ | ३.५ | ३.३ | |
| बीउ प्रतिस्थापन दर धान | प्रतिशत | वार्षिक | १८ | २५ | २० | |
| बीउ प्रतिस्थापन दर मकै | प्रतिशत | वार्षिक | १६ | ३३ | १८ | |
| बीउ प्रतिस्थापन दर गहुँ | प्रतिशत | वार्षिक | १६ | २५ | १९.५ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (दूध) | लिटर | वार्षिक | ७३.६५ | ९१.२३ | ७८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (मासु) | के.जी. | वार्षिक | १२.७४ | १४.८८ | १३.५ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (अण्डा) | संख्या गोटा | वार्षिक | ३४.८९ | ४८.१६ | ४२ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (माछा) | के.जी. | वार्षिक | २.७३ | ५.७ | २.७५ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (खाद्यान्न) | के.जी. | वार्षिक | ४०७ | ४९३ | ४२२ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (तरकारी) | के.जी. | वार्षिक | ११० | १२८ | १२० | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (फलफुल) | के.जी. | वार्षिक | २७ | ३१ | २८ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (दलहन) | के.जी. | वार्षिक | २५ | ३० | २६ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (तेल) | लिटर | वार्षिक | ११.४ | १३.७ | ११.५ | |
| प्रति वर्ष प्रति ब्यक्ति उपलब्धता (आलु) | के.जी. | वार्षिक | ५६ | ७३ | ५९ | |

### १०.७.२ प्रदेशका लागि प्रमुख कार्य सम्पादन सूचकहरु (प्रक्रिया र प्रतिफल तह)

| सूचकहरु | SDG संकेत | समीक्षा अवधि | एकाई | २०७६/७७ को | | |
|---|---|---|---|---|---|---|
| | | | | वार्षिक लक्ष्य | तेस्रो चौमासिक सम्मको लक्ष्य | असार महिनासम्मको प्रगति |
| रोजगारमूलक तालिम | ४.४ | चौमासिक | जना | ८०० | ८०० | ११७४ |
| कृषक वा कृषि फर्मलाई अनुदान रकम | २.१ | चौमासिक | रु. लाख | नतोकिएको | नतोकिएको | १०२२४.८४ |
| उत्पादनमूलक सहकारी संघ संस्थालाई अनुदान रकम | ८.३.१ | चौमासिक | रु. लाख | नतोकिएको | नतोकिएको | २८००.४३ |
| कर्मचारी तालिम | १६ | चौमासिक | जना | २०० | २०० | ३९ |

## १०.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- समायोजन पश्चात कर्मचारीको वृति विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरणका कार्यक्रम नभएकाले क्षमता विकास कार्यक्रमहरु प्रभावकारी हुन नसकेको।
- सबै कृषकहरुको प्यान नम्बर सम्भव नभएकाले कार्यक्रम सञ्चालनमा कठिनाई भईरहेको।
- स्मार्ट कृषि गाउँहरुको लगि स्थानीय तहहरुको तर्फबाट हुनुपर्ने लागत सहभागिता जुटाउन मुस्किल भईरहेको।
- मत्स्य पालन व्यवसायलाई उद्योगको रुपमा परिभाषित गरिएकाले उत्पादन लागतमा बिजुलीको हिस्सा अत्याधिक हुने गरेको।
- भूमि तथा गुठी सम्बन्धी प्रदेशको अधिकार स्पष्ट नभएकाले कार्यक्रम सञ्चालन गर्न समस्या भईरहेको।

- गरीव तथा विपन्न वर्ग सम्बन्धी स्पष्ट परिभाषा तथा वर्गीकरण नभएको। तथ्याङ्क अध्यावधिक हुन नसकेको।
- शीत भण्डार जस्ता ठुला आयोजना सञ्चालनका लागि सोही सम्बन्धी प्राविधिक जनशक्ति नभएको।

## १०.९ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः

- कर्मचारीको क्षमता वृतिको कार्यक्रमहरु वार्षिक विकास कार्यक्रमका समावेश गरिनुपर्ने।
- साना कृषकहरुलाई लक्षित गरी प्यान नं छुटको विशेष किसिमको व्यवस्था गर्नु पर्ने।
- प्रत्येक स्थानीय तहहरुले योजना तर्जुमा गर्दा रकम सुनिश्चितताको लागि पहल तथा समन्वय गर्ननुपर्ने।
- मत्स्यपालनलाई कृषि व्यवसायका रुपमा परिभाषित गर्नुपर्ने। कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेजमा विद्युत महशुल छुटको सुनिश्चितता हुनुपर्ने। कृषि मन्त्रालयका विशेष पकेट क्षेत्रका लागि मझौला सिंचाइको व्यवस्था हुनुपर्ने।
- भुमि सम्बन्धिको काम, कर्तव्य तथा अधिकार संघ, प्रदेश तथा स्थानीय तहको स्पष्ट हुनुपर्ने।
- कृषि इन्जिनियरिङ्ग सम्बन्धी प्राविधिक जनशक्तिको दरबन्दी तयार गरी नियुक्ति गर्नुपर्ने।

## १०.१० मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु

- पेश्की रकम उपलब्ध नगराई कार्यसम्पन्नताका आधारमा भुक्तानी दिने व्यवस्था मिलाइएको।
- अनुदान कार्यक्रममा अनुदानग्राहीको छनोट पश्चात १ हप्तासम्मको गुनासो गर्नसक्ने व्यवस्था मिलाइएको।
- अनुदानप्राप्त अनुदानग्राहीहरुबाट सम्झौता अघि कार्ययोजना स्वीकृत अघि र कार्य सम्पन्न पश्चात कार्यप्रगति प्रस्तुतीकरण गर्ने व्यवस्थाको शुरुवात गरिएको।
- अनुदानग्राहीहरुको पूर्ण विवरण भएको पुस्तिका प्रकाशन गरी दाहोरोपना रोक्न संघीय सरकार र स्थानीय तहहरुमा पठाइएको।
- नगद अनुदानलाई परिमार्जित गरी प्रतिफल अनुसारको प्रोत्साहन रकम सम्बन्धित कृषकको बैंक खातामार्फत उपलब्ध गराइएको।
- कृषकहरुलाई कृषि ऋणको पहुँच वृद्धिका लागि ब्याजमा अनुदानको व्यवस्था मिलाउन १२ जिल्लामा शुलभ कर्जा सहयोगी कक्ष स्थापना गरिएको।
- अनुदानका लागि आवेदन र प्रगति प्रणालीलाई यस वर्षबाट डिजिटल प्रणालीमा लैजाने गरी तयारी भईरहेको।

# परिच्छेद-११
## मुख्य न्यायाधिवक्ताको कार्यालय

### ११.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १५२६७।- | ९०८३।- | ५९.५० |
| पुँजीगत | ७२६०।- | ६२१४।- | ८५.६० |
| जम्मा | २२५२७।- | १५२९८।- | ७२.५५ |

(स्रोतः मुख्यन्यायाधिवक्ताको कार्यालय)

### ११.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | नभएको | नभएको |
| २ | नेपाल सरकार सशर्त अनुदान | नभएको | नभएको |
| ३ | नेपाल सरकार समपुरक अनुदान | नभएको | नभएको |
| ४ | नेपाल सरकार विशेष अनुदान | नभएको | नभएको |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | २२५२७।- | १५२९८।- |

(स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

### ११.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | यस कार्यालयसँग सम्बन्धित कुनै कुरा उल्लेख नभएको। | |

(स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

### ११.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | यस प्राधिकरणसँग सम्बन्धित कुनै कुरा उल्लेख नभएको। | |

## ११.५ आ.व. २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १. | कानुन र न्यायका विषयमा स्थानीय तहको न्यायिक निकायका पदाधिकारी हरुसँग अन्तरक्रिया कार्यक्रम | ५ | ४०० | ४ | ८० | ३२० | ८० |
| २. | बैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजन सम्बन्धी कार्यक्रम | ४ | ४०० | २ | ५० | १९० | ४९ |
| ३. | वातावरण र अपराधको प्रवृति सम्वन्धमा अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने Crime trend Analysis | १ | ३०० | ० | ० | ० | ० |
| ४. | मुख्य न्यायाधिवक्ता कार्यालयको प्रथम पञ्चवर्षीय रणनीतिक योजना निर्माण | १ | ३०० | ० | ० | ० | ० |
| ५. | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गोष्ठी | २ | २०० | २ | १०० | १५० | ७५ |
| ६. | अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदानप्रदान | १ | ४०० | ० | ० | ० | ० |
| ७. | बाल न्याय सम्बन्धी सरोकारवाला हरुसँग कार्यशाला गोष्ठी | २ | २०० | १ | ५० | ९५ | ४९ |
| ८. | स्थानीय तहमा निर्मित कानुनहरु (ऐन, नियम, कार्यविधि) को संकलन | -- | ४०० | --- | ३० | १५० | ३७.५ |

(स्रोतः मुख्यन्यायाधिवक्ताको कार्यालय)

## ११.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ | नभएको | ६ | |

## ११.७ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेश भित्र रहेका हिरासत कक्ष र कारागारको अनुगमन निरीक्षण
- बैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजन सम्बन्धी कार्यक्रम
- हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गोष्ठी
- बाल न्याय सम्बन्धी सरोकारवाला हरुसँग कार्यशाला गोष्ठी
- स्थानीय तहमा निर्मित कानुनहरु (ऐन, नियम, कार्यविधि) को संकलन

- कानुन र न्यायका विषयमा स्थानीय तहको न्यायिक निकायका पदाधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम

## ११.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- नीति तथा कार्यक्रम कार्यान्वयनमा समस्या/कठिनाई नभएको।

# परिच्छेद-१२
## प्रदेश योजना आयोग

### १२.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु.हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १४६४९ | ९२६०.१५३ | ६३.२ |
| पुँजीगत | ७५९५ | ७३२४.४९९ | ९६ |
| जम्मा | २२२४४ | १६५८४.६५२ | ७४.५६ |

(स्रोतः प्रदेश योजना आयोग)

### १२.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु.हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार(राजश्व बाँडफाँड समेत) | २२२४४ | १६५८४.६५२ |

### १२.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १ | लुम्बिनी प्रादेशिक अस्पतालको गुरु योजना निर्माण | गुरु योजना निर्माण भएको। |
| २ | परियोजना बैंक निर्माणको लागि अध्ययन अनुसन्धान | ५ वटा परियोजना बैंक तयार भएको।१० वटा सम्पन्न हुने चरणमा रहेको। |
| ३ | प्रदेश एक्स्पोमा सहभागिता र प्रदेशको वृत्तचित्र निर्माण | प्रदेशको वृत्तचित्र निर्माण भई प्रदेश एक्स्पोमा प्रदर्शन गरिएको। |
| ४ | स्थानीय तहको आवधिक योजना निर्माणको लागि सहजीकरण | १०९ वटा स्थानीय तहहरुमा अन्तरक्रिया सम्पन्न भएको। |

### १२.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६९ | परियोजना बैंक निर्माण | ५ वटा परियोजना बैंक तयार भएको।१० वटा सम्पन्न हुने चरणमा रहेको। |

| | | |
|---|---|---|
| १६३ | प्रदेश योजना आयोग लाई थिङ् ट्याङ्कको रुपमा विकास गर्ने | परियोजना बैंक स्थापना शुरु गरेको स्थानीय तहको योजना निर्माण सम्बन्धी क्षमता विकासमा सहयोग गरेका तर अध्ययन, अनुसन्धान, अनुगमन, मुल्यांकनका लागि थप प्रभावकारी वनाउन आ.व.२०७७/०७८ मा व्यवस्था गरिएको। |

## १२.५ आ.व.२०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

**(रु. हजारमा)**

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | लुम्बिनी प्रादेशिक अस्पतालको गुरु योजना निर्माण | १ | २५९९ | १ | १०० | २०६६.८०८ | ७९.५२ |
| २ | परियोजना बैंक निर्माण | १५ | १२०० | ५ | ५० | ४५०.७३८ | ३७.५६ |
| ३ | प्रदेश एक्स्पोमा सहभागिता र प्रदेशको वृत्तचित्र निर्माण | १ | ८०० | १ | १०० | ५४७.४८० | ६८.४४ |
| ४ | स्थानीय तहको आवधिक योजना निर्माण | ३ | ५०० | ३ | ९१ | ४८६.५०० | ९७.३० |

## १२.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

**(रु. हजारमा)**

| क्र.स. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | ३११२१ | | ३००० | |

## १२.७ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- लुम्बिनी अस्पताल सुधार सुझाव उच्चस्तरीय समिति मार्फत अस्पतालको सुधारको लागि प्रतिबेदन पेश तथा गुरुयोजना निर्माण
- दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रकाशन
- विकासमा समन्वयका लागि प्रदेशमा कार्यरत गैरसरकारी संस्थाहरुसँग अन्तरक्रिया
- मित्र राष्ट्र चीनको सिचुआन प्रान्तको निमन्त्रणामा भएको बिआरआइ सम्बन्धी सम्मेलनमा माननीय मुख्य मन्त्रीको टोलीमा आयोगको तर्फबाट सहभागिता
- मापदण्ड निर्माण
- बहुवर्षीय आयोजना स्विकृति तथा ठेक्का वन्दोवस्त सम्बन्धी मापदण्ड,२०७६
- प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड,२०७६
- ५ परियोजनाको पूर्वसंभाव्यता अध्ययन सम्पन्न तथा १० परियोजनाको पूर्वसंभाव्यता अध्ययन अन्तिम चरणमा
- स्थानीय तहहरुको आवधिक योजना निर्माणमा क्षमता विकासको सहयोग

- बहुउद्देश्यीय सभाहल, खेल मैदान, कोल्ड स्टोर, सडक, स्मार्ट कृषि गाउँ, आदि स्थानहरुको अनुगमन तथा मूल्याङकन
- रोजगारी सिर्जना तथा उद्योगीसँग अन्तरक्रिया
- वार्षिक कार्यक्रम, MTEF तथा बजेट तर्जुमा (सहकार्य)

## १२.८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- बहुवर्षीय आयोजनाहरुको परियोजना प्रतिवेदनको अध्ययन गर्न जनशक्ति अभाव
- प्रभावकारी अनुगमनको लागि प्राविधिक जनशक्तिको खाँचो
- भौगोलिक सूचना प्रणालीसम्बन्धी जनशक्तिको अभाव
- तथ्यांकसम्बन्धी जनशक्तिको अभाव

## १२.९ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- योजना आयोगको कार्य सम्पादन प्रभावकारी वनाउनका लागि दरबन्दी थपसहित O and M गरी पदपूर्ति गर्नुपर्ने
- हालको अस्थायी दरबन्दीलाई स्थायीमा परिणत गर्ने
- स्थायी रुपमा हुनु पर्ने दरबन्दी अनुसारका केही कर्मचारी पूर्ति भईनसकेकोले पूर्ति हुनु पर्ने।

# परिच्छेद-१३
## प्रदेश पुर्वाधार विकास प्राधिकरण

### १३.१ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २७३८।- | १३९४।- | ५०.९१% |
| पुँजीगत | १०१५०।- | ८६३६।- | ८५.०८% |
| जम्मा | १२८८८।- | १००३०।- | ७७.८२% |

(स्रोतः प्रदेश पुर्वाधार विकास प्राधिकरण)

### १३.२ आर्थिक वर्ष २०७६/७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | १२८८८।- | १००३०।- |

(स्रोतः प्रदेश पुर्वाधार विकास प्राधिकरण)

### १३.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | यस प्राधिकरण सगँ सम्बन्धित कुनै कुरा उल्लेख नभएको। | |

(स्रोतः प्रदेश पुर्वाधार विकास प्राधिकरण)

### १३.४ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

| व.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | यस प्राधिकरणसँग सम्बन्धित कुनै कुरा उल्लेख नभएको। | |

(स्रोतः प्रदेश पुर्वाधार विकास प्राधिकरण)

## १३.५ आ.व. २०७६/७७ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | चालु आ.व. मा कुनै कार्यक्रम सञ्चालन नभएको | | | | | | |

## १३.६ आर्थिक वर्ष २०७६/७७ मा राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| | राजश्व संकलन नभएको। | | | |

## १३.७ आ.व. २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- मिति २०७६/१०/२२ गते प्रमुख कार्यकारी अधिकृतज्यूको नियुक्ति भए पश्चात चैत्र महिनामा प्रशासन तथा लेखाका कर्मचारीको पदपूर्ति भएपछी लुम्बिनी टर्मिनल भवन, बुटवलमा कार्यालय स्थापना गरिएको।
- यस आ.व. मा खरिद गर्नु पर्ने मेशिनरी सामग्रीहरु SUV गाडी थान-१, मोटरसाईकल थान-३, स्कुटर थान-१ लगायत एसी तथा आवश्यक फर्निचरका सामग्रीहरु खरिद कार्य सम्पन्न गरिएको।
- एकजना हलुका सवारी चालक, दुई जना कार्यालय सहयोगी, १ जना स्ट्रक्चरल इन्जिनियर र १ जना आर्किटेक्ट भर्ना गरी हाल सबै दरबन्दी पूर्ति गरी जनशक्ति व्यवस्थापन गरिएको।

# परिच्छेद-१४
## सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

### ४.१ आर्थिक वर्ष २०७६।०७७ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु जम्मा | १६४५० | ६७५३ | ४१.०५ |
| पुँजीगत | २१०५० | १५०३७ | ७१.४३ |
| कुल जम्मा | ३७५०० | २१७९० | ५८.११ |

### १४.२ आर्थिक वर्ष २०७६।०७७ मा मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| सि.नं. | चालु जम्मा | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ० | ० |
| २ | नेपाल सरकार सशर्त अनुदान | ० | ० |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ० | ० |
| ४ | नेपाल सरकार विशेष अनुदान | ० | ० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ३७५०० | २१७९० |

### १४.३ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| सि.नं. | नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १ | १५० | प्रदेश तथा स्थानीय तहहरूको ऐन, नियम, कार्यविधि पोर्टल निर्माण | प्रदेश सरकार तथा प्रदेश भित्र रहेका स्थानीय तहहरूका ऐन, नियम, कार्यविधिहरू एकै ठउँमा उपलब्ध हुने गरी राख्न मिल्ने अनलाइन पोर्टलको निर्माण भएको। |
| २ | १५९ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन तथा कार्यालय स्थापना | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन तथा कार्यालय स्थापना भएको |

## १४.४ बजेट तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| सि.नं. | बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १ | १५२ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन तथा कार्यालय स्थापना | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन तथा कार्यालय स्थापना तथा सञ्चालन भएको |

## १४.५ आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| सि. नं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| पुँजीगत | | | | | | | | |
| १ | भि.एम.एसमा आधारित हाजिरी तथा अफिस सुरक्षा प्रणाली स्थापना | संख्या | १ | ५०० | १ | १०० | ४९७ | ९९ |
| २ | प्रतिष्ठानको वेवसाइट निर्माण तथा सूचना इन्टिग्रेसन | संख्या | १ | ५०० | १ | १०० | ४९८ | १०० |
| ३ | सरकारी वेवसाइटहरूको साझा फ्रेमवर्क निर्माण | पटक | १ | ५०० | १ | १०० | ४९९ | १०० |
| ४ | अफिस अटोमेशनका लागि लेखा, जिन्सी तथा दर्ता चलानी सफ्टवेयर खरिद | पटक | १ | ५०० | १ | १०० | ३४० | ६८ |
| ५ | स्मार्ट इश्यु म्यानेजमेन्ट सिस्टम स्थापना | संख्या | १ | ५०० | १ | १०० | ३९८ | ८० |
| ६ | स्मार्ट नागरिक वडापत्र प्रणाली जडान | पटक | १ | ५०० | १ | १०० | ४९२ | ९८ |
| ७ | Crowd Source based कोभिड १९ रिपोर्टिङ प्रणाली तथा एप निर्माण | पटक | १ | ५०० | १ | १०० | ४९७ | ९९ |
| ८ | कोभिड १९ सम्बन्धी स्थानीय तह रिपोर्टिङ प्रणाली (नेपाल ट्रेस) स्थापना | संख्या | १ | ५०० | १ | १०० | ४९२ | ९८ |
| ९ | प्रदेश ५ कोभिड १९ एकीकृत सूचना संप्रेशण प्रणाली तथा एप निर्माण | संख्या | १ | ५०० | १ | १०० | ४९८ | १०० |
| १० | बैदेशिक रोजगार, व्यापार, आयआर्जनमुखी काम गरीरहेका तथा बिदेशबाट फिर्ता भएका प्रदेश ५ का स्थायी बासिन्दाहरूको कोभिड १९ पश्चातको अवस्थाबारे तथ्याङ्क सर्भेक्षण प्रणालीको निर्माण | पटक | १ | ५०० | १ | १०० | ४९५ | ९९ |
| ११ | बैदेशिक रोगजारबाट फर्केका व्यक्तिहरूको स्थानीय तहगत सूचना प्रणाली निर्माण | पटक | १ | ५०० | १ | १०० | ४९८ | १०० |

| सि. नं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| १२ | प्रदेश एक्स्पोमा सहभागिताका लागि मेशिनरी सामान खरिद | पटक | १ | ७५० | १ | १०० | ७४९ | १०० |
| १३ | सवारी साधन एसयुभी कार खरिद | संख्या | १ | ६००० | १ | १०० | ४७६ | ७.९ |
| १४ | मोटरसाइकल/स्कुटर खरिद | संख्या | ४ | १००० | ४ | १०० | ७९६ | ८० |
| १५ | ए.सी खरिद | संख्या | ८ | ९०० | ८ | १०० | ८९९ | १०० |
| १६ | यन्त्र उपकरण तथा मेशिनरी तथा ल्याप्टप खरिद | पटक | १ | ५०० | १ | १०० | ५०० | १०० |
| १७ | इन्भर्टर/युपियस प्रणाली जडान | संख्या | १ | २०० | १ | १०० | २०० | १०० |
| १८ | विविध उपकरण तथा मेशिनरी औजार खरिद | पटक | १ | ५०० | १ | १०० | २४० | ४८ |
| १९ | कार्यालयका लागि फर्निचर, दराज आदि खरिद | पटक | १ | १७०० | १ | १०० | १६९० | ९९ |
| २० | सफ्टवेयर प्रणाली सुरक्षा सम्बन्धी मापदण्ड निर्माण | पटक | १ | ५०० | ० | ० | ० | ० |
| २१ | सामुहिक सफ्टवेयर लाइसेन्स खरिद | पटक | १ | १००० | ० | ० | ० | ० |
| २२ | मुख्यमन्त्री कार्यकक्षमा भिडियो कन्फ्रेन्स सिस्टम अद्यावधिकीकरण | पटक | १ | ५०० | ० | ० | ० | ० |
| २३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा भि.एम.एस सहितको स्मार्ट सर्भिलेन्स सिस्टम जडान | पटक | १ | १५०० | ० | ० | ० | ० |
| २४ | इनोभेशन सेन्टर ३डी मोडल | पटक | १ | ५०० | ० | ० | ० | ० |
| जम्मा | | | ३४ | २१०५० | २९ | ८५ | १५०३७ | ७१.४५ |
| चालु | | | | | | | | |
| १ | मुख्यमन्त्री पोर्टल तथा एपहरूको निर्माण, सञ्चालन तथा एएमसी | पटक | १ | १००० | १ | १०० | ९६६ | ९६.६ |
| २ | प्रदेश तथा स्थानीय तहहरूको ऐन नियम तथा कार्यविधि पोर्टल | पटक | १ | ५०० | १ | १०० | ४९८ | ९९.६ |
| ३ | इ गभर्नेन्स तथा डिजिटल अभिमुखीकरण र क्षमता विकास | पटक | ८ | १००० | १ | १३ | ११५ | ११.५ |
| ४ | प्रदेश एक्स्पो सञ्चालन तथा व्यवस्थापन खर्च | पटक | १ | १५०० | १ | १०० | १४९८ | ९९.९ |
| ५ | पदाधिकारी सुविधा, कर्मचारी तलव भत्ता, बिमा, पोषाक आदि | महिना | ८ | ३५०० | ८ | १०० | १३५१ | ३८ |
| ६ | अनुगमन मुल्याङ्कन | संख्या | ५० | ५ | ३ | ६ | ०.२८ | ५.६ |
| ७ | नमूना सामुदायिक विद्यालयहरूको सूचना प्रणाली आवश्यकता विश्लेषण | पटक | १ | ५०० | ० | ० | ० | ० |
| ८ | सूचना प्रविधि सँग सम्वन्धित संघ संस्थाहरूसँग सहकार्य | पटक | १ | १००० | ० | ० | ० | ० |
| ८ | प्रादेशिक अस्पताल सूचना प्रणाली | पटक | १ | ५०० | ० | ० | ० | ० |

| सि. नं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| | आवश्यकता विश्लेषण | | | | | | | |
| ९ | खानेपानीको उपभोग अध्ययन तथा इ पेमेन्ट सम्वन्धि प्रारम्भिक कार्य | पटक | १ | ५०० | ० | ० | ० | ० |
| १० | ३ स्थानीय तहमा मार्स सञ्चालन | पटक | १ | ५०० | ० | ० | ० | ० |
| ११ | युटिलिटी तथा सरकारी शुल्क पेमेन्ट सिस्टमको अध्ययन र प्रारम्भिक कार्य | पटक | १ | ५०० | ० | ० | ० | ० |
| १२ | अन्तर मन्त्रालय मोनिटरिङ ट्र्याकिङ सिस्टममा प्राविधिक सहयोग | पटक | १ | १०० | ० | ० | ० | ० |
| १३ | हेलो प्रदेश सरकार पोर्टल तथा एप निर्माणमा प्राविधिक सहयोग | पटक | १ | १०० | ० | ० | ० | ० |
| १४ | विज्ञ सल्लाहकार सेवा | पटक | १ | २०० | ० | ० | ० | ० |
| १५ | अन्य सेवा परामर्श | संख्या | ६ | १००० | १ | १७ | ६० | ६ |
| १६ | पत्रपत्रिका | पटक | १ | १०० | ० | ० | ० | ० |
| १७ | टेलिफोन तथा इन्टरनेट जडान खर्च तथा महशुल | संख्या | १ | ३०० | १ | १०० | १८२ | ६०.७ |
| १८ | इन्धन कार्यालय प्रयोजन | पटक | १ | २०० | १ | १०० | ८० | ४० |
| १९ | सञ्चालन तथा मर्मत (कार्यालय रहेको भवन, सवारी साधन तथा मेशिनरी) | पटक | १ | ६५० | १ | १०० | २७३ | ४२ |
| २० | स्टेशनरी सामान खरिद | पटक | १ | ६०० | १ | १०० | ५५० | ९१.६७ |
| २१ | विज्ञापन, सूचना प्रकाशन | पटक | ७ | ७०० | ४ | ६० | ४१० | ५८.५७ |
| २२ | विविध छपाई | पटक | १ | २०० | १ | १०० | २०० | १०० |
| २३ | कार्यालय भवन भाडा | पटक | १ | ५०० | १ | १०० | ३३७ | ६७.४ |
| २४ | सवारी साधन भाडा | संख्या | १ | १८० | १ | १०० | १८० | १०० |
| २५ | मेशिनरी सामान भाडा | पटक | १ | २० | ० | ० | ० | ० |
| २६ | विद्युत तथा खानेपानी महशुल | पटक | १ | १०० | १ | १०० | ५५ | ५५ |
| २७ | कर्मचारी दक्षता बृद्धि तालिम | पटक | १ | १०० | ० | ० | ० | ० |
| चालु जम्मा | | | १०१ | १६४५० | २८ | २८ | ६७५३ | ४१.०५ |
| पुँजीगत | | | ३४ | २१०५० | २९ | ८५ | १५०३७ | ७१.४३ |
| कुल जम्मा | | | १३५ | ३७५०० | ५७ | ४२ | २१७९० | ५८.११ |

## १४.६ आर्थिक वर्ष २०७६।०७७ मा राजश्व संकलनको विवरण

(रु. हजारमा)

| क्र.स. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | बोलपत्र फाराम विक्री (अन्य सेवा शुल्क) | - | ३० | |

## १४.७ आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरू

- प्रदेश एक्स्पो सञ्चालन तथा व्यवस्थापनमा सहभागिता
- मुख्यमन्त्री पोर्टल तथा एप निर्माण
- भि.एम.एसमा आधारित हाजिरी तथा अफिस सुरक्षा प्रणाली स्थापना
- अफिस अटोमेशनका लागि लेखा, जिन्सी तथा दर्ता चलानी सफ्टवेयर स्थापना
- प्रतिष्ठानको वेवसाइट निर्माण तथा सूचना इन्टिग्रेसन
- स्मार्ट इश्यु म्यानेजमेन्ट सिस्टम स्थापना
- प्रदेश तथा स्थानीय तहहरूको ऐन नियम तथा कार्यविधि पोर्टल निर्माण
- इ गभर्नेन्स तथा डिजिटल अभिमुखीकरण र क्षमता विकास

उपरोक्त कार्यहरूको अलावा कोभिड-१९ को महामारीका कारण उत्पन्न असहज परिस्थितिको रोकथाम तथा व्यवस्थापन एवं महामारी शुरू भएपश्चातको अवस्थामा पहिचान भएका तपसिल बमोजिमका क्रियाकलापहरू समेत गत आ.व.मा सम्पन्न गरिएको छ।

- प्रदेश ५ कोभिड १९ एकीकृत सूचना संप्रेषण प्रणाली तथा एप निर्माण
- कोभिड १९ सम्बन्धी स्थानीय तह रिपोर्टिङ प्रणाली स्थापना
- व्यापार, आयआर्जनमुखी काम गरीरहेका तथा बिदेशबाट फिर्ता भएका प्रदेश ५ का स्थायी बासिन्दाहरूको कोभिड १९ पश्चातको अवस्थाबारे तथ्याङ्क सर्भेक्षण प्रणाली निर्माण
- Crowd Source based कोभिड १९ रिपोर्टिङ प्रणाली तथा एप (नेपाल ट्रेस) निर्माण
- वैदेशिक रोगजारबाट फर्केका व्यक्तिहरूको स्थानीय तहगत सूचना प्रणाली निर्माण

# परिच्छेद-१५

## निष्कर्ष एवम् सुझावहरुः

आर्थिक वर्ष २०७६/७७ को तेस्रो चौमासिक अवधिमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण जनजीवन प्रभावित हुनुको साथै विकास निर्माणको कार्यसमेत ठप्पप्रायः भएको अवस्थामा समेत यस आ. व. को वित्तीय प्रगति ७० प्रतिशतभन्दा माथि रहेकोमा यसलाई सकारात्मक पक्ष मान्न सकिन्छ। तर यस प्रदेशको बजेट कार्यान्वयनका लागि आवश्यक पर्ने पक्षहरुले पूर्णता पाएका छैनन् जसले गर्दा आर्थिक वर्ष २०७६/७७ को भौतिक एवम् वित्तीय प्रगति निर्धारित लक्ष्य अनुरुप हुन नसकेको देखिन्छ।

विशेषतः दरबन्दी अनुसारको जनशक्ति उपलब्ध हुन नसक्नु र भर्खरै स्थापना भएको प्रदेश लोक सेवा आयोग कर्मचारी पदपूर्ति सम्बन्धी नीतिगत तथा संरचनागत तयारी चरणमै रहेकोले सो निकायबाट स्वीकृत संगठन संरचना र दरबन्दी अनुसारको जनशक्तिको पदपूर्तिका कार्यहरु अगाडि बढ्न सकेका छैनन्। तहगत सरकार र अन्तरमन्त्रालयका बीचमा समन्वयको कमीले गर्दा आयोजना तथा कार्यक्रमबीच दोहोरोपना रहनु, साझा अधिकारको विषयमा संघीय सरकारबाट कानुन नबन्दा प्रदेशले आफ्ना सबै कानुन निर्माण गर्न नसक्नु, कर्मचारीमा दक्षता एवम् प्राविधिक ज्ञानको अभाव, कार्यान्वयन गर्न नसकिने एवम् महत्वकांक्षी आयोजना तथा कार्यक्रममा बजेट विनियोजन हुनु प्रादेशिक तथ्याङ्कहरु पूर्ण रुपमा अद्यावधिक हुन नसकेको, प्रदेशको आफ्नो स्रोतको अभाव लगायतका समस्याका कारण अपेक्षित उपलब्धि हासिल हुन नसकेको यथार्थ हाम्रो सामु रहेको छ। यस्ता समस्याहरु समाधानार्थ निम्नानुसारका सुझावहरु अवलम्बन गर्न आवश्यक देखिएको छ।

- तीन तहबीचको समन्वयको आधारमा मात्र आयोजना तथा कार्यक्रम निर्धारण गर्ने,
- बजेट तर्जुमा गर्दा स्पष्ट कार्यक्रम तथा आयोजना पहिचान गर्नुपर्ने,
- अन्तरमन्त्रालयगत र महाशाखागत समन्वय बढाउनुपर्ने,
- संघीय तहको कानुनहरु निर्माणको लागि आवश्यक पहल गर्ने
- आवश्यक कानुन तथा कार्यविधिहरु समयमै निर्माण गर्ने,
- प्रदेश लोक सेवा आयोगबाट कर्मचारीको पदपूर्ति गर्ने प्रकृयालाई अगाडि बढाउनुपर्ने,
- संगठनको आवश्यकता र कर्मचारीमा रहेको क्षमताबीचको कमी पहिचान गरी कर्मचारीलाई उपयुक्त तालिम दिने,
- सूचना प्रविधिको विकास र प्रयोग बढाउने,
- स्रोतको अभाव पूर्ति गर्न प्रदेश तहले राजस्वको दायरा बढाउने,
- तथ्यपरक र कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम तर्जुमाका लागि विषयगत मन्त्रालय तथा मातहतका निकायहरुको विनियोजन दक्षता अभिवृद्धि गर्नु पर्ने।

आर्थिक वर्षको झण्डै आधा समय कोभिड-१९ को महामारी र त्यसको नियन्त्रणका लागि जारी बन्दाबन्दीका बीच ७०% बजेट खर्च गरी बजेट तथा कार्यक्रमले राखेको उद्देश्यको अधिकतम उपलब्धी हुनु निःसन्देह सन्तोषको विषय हो। अन्य प्रदेशको तुलनामा समेत सबैभन्दा राम्रो अवस्थामा रहेको स्थितिले हामीलाई आत्मबल बढाएको छ भने यस प्रदेशले आर्जन गरेको शाख बचाएर राख्ने चुनौतीसमेत रहेको छ। त्यसैले आगामी दिनमा विगतका अनुभवलाई पुंजीकृत गर्दै अझ सशक्त ढंगले बजेट तथा कार्यक्रम कार्यान्वयनमा जुट्नुपर्ने आवश्यकता रहेको छ।

**-समाप्त-**